जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



यौन दुराचारी जहाँ पनि हुन सक्छन्, त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं, आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।
नेपाल सरकार विज्ञापन बोर्ड



वर्ष २५ • अंक १४० • २०७९ साल आश्विन २६ गते बुधवार (12 October, Wednesday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-


# मधेश प्रदेशमा पति, पत्नी र दाजुभाई उम्मेदवार



रघुवीर महासेठ जुली महतो

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश र प्रतिनिधि सभाको चुनावमा मधेश प्रदेशमा पति, पत्नी र दाजु भाईहरुले प्रत्यक्षमा उम्मेदवारी दिएका छन् ।

धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ बाट नेकपा एमालेको टिकटमा जुली महतो र ४ बाट एमालेकै टिकटमा रघुवीर महासेठले प्रतिनिधि सभा सदस्यका लागि उम्मेदवारी दिएका छन् ।

निर्वाचन क्षेत्र नम्बर ४ बाट महतोका पति रघुवीर महासेठ उम्मेदवार छन् ।त्यहाँ उनलाई जसपाले सहयोग गरेको छैन् ।जसपाले महाजन यादवलाई उनको विरुद्ध उम्मेदवार उठाएको छ ।

तर निर्वाचन क्षेत्र नम्बर ३ मा जसपाले महतोलाई सघाउन उम्मेदवार उठाएको छैन् ।जसपा र एमालेबीच चुनावी तालमेल भए पनि धनुषाको १ र ३ मा मात्र तालमेल रहेको छ ।

धनुषा जिल्लाको ४ मध्ये ३ क्षेत्रमा मात्र एमालेले प्रतिनिधि सभामा उम्मेदवार उठाएको छ ।त्यस मध्ये निर्वाचन क्षेत्र नम्बर २ मा गठबन्धन रहेको छैन् ।त्यस क्षेत्रमा नेकपा एसबाट रामचन्द्र झा, नेपाली कांग्रेसबाट रामकृष्ण यादव, एमालेबाट उमाशंकर अरगडिया र जसपाबाट गंगाराम यादवले उम्मेदवारी दिएका छन् ।

पतिपत्नी नै उम्मेदवारी दिनुको कारणबारे जानकारी लिन पटक-पटक प्रयास गरे पनि दुबै जना सम्पर्कमा आउन चाहेनन् ।

निर्वाचन क्षेत्र नम्बर १ मा जसपासितको तालमेलमा एमालेले उम्मेदवार उठाएको छैन् ।जसपाका दीपक कार्कीलाई एमालेले समर्थन गरेको छ । त्यहाँ पाँच दलीय गठबन्धनबाट नेकपा माओवादीका नेता मातृका यादवले उम्मेदवारी दिएका छन् ।



सीके राउत जयकान्त राउत

सप्तरी जिल्लामा जनमत पार्टीका अध्यक्ष सीके राउतले निर्वाचन क्षेत्र नम्बर २ बाट र उनका भाई जयकान्त राउत(जेके राउत) ले निर्वाचन क्षेत्र नम्बर १ बाट उम्मेदवारी दिएका छन् ।पहिलो पटक प्रतिनिधि सभा सदस्यका लागि चुनावमा उत्रेको जनमत पार्टीमा पारिवारिक सदस्यहरुले प्राथमिकता पाएपछि आलोचना सुरु भएको छ ।दुबै जना भने पीएचडी गरेका हुन् ।



शैलेन्द्र यादव जितेन्द्र यादव

प्रदेश सभातर्फ धनुषाको निर्वाचन क्षेत्र नम्बर २ को 'क' बाट शैलेन्द्र यादव र निर्वाचन क्षेत्र नम्बर ३ को 'क'बाट उनका भाई जितेन्द्र यादव उम्मेदवार बनेका छन् ।दुबै दाजु भाई जसपाको टिकट पाएका छन् ।

शैलेन्द्र यादव गत चुनावमा निर्वाचित भएर पाँच वर्ष जसपाको प्रमुख सचेतक थिए ।जसपाका अध्यक्ष उपेन्द्र यादव स्वास्थ्य मन्त्री रहेको बेला जितेन्द्र यादव उनका स्वकीय सचिव थिए ।त्यसपछि उनी मुख्यमन्त्री लालबाबु राउतका स्वकीय सचिव रहेका थिए ।चुनावमा टिकट पाएपछि मात्र पदबाट राजिनामा दिएका हुन् ।

मुख्यमन्त्री राउतको कार्यालयमा आर्थिक अनियमितता गर्ने आरोप यादवमाथि पनि लागेको हो ।कर्मचारी सरुवा, भर्ना लगायतमा आर्थिक चलखेल गरेको आरोप पनि उनीमाथि लागेको छ ।

क्षमतावान भएका कारण दुबै दाजुभाईले टिकट पाएको जितेन्द्र यादवले बताए ।'आर्थिक अनियमितता लगायतका अफवाह विपक्षीहरुले फैलाएको हो' उनले भने, आफूहरु इमान्दारीपूर्वक जनसेवा गरेकाले पार्टी विश्वास गरी टिकट दिएको छ। परिवारवादको विरोध गर्नेहरुले नै पारिवारिक सदस्यहरुलाई चुनावमा प्राथमिकता दिएको आरोप विपक्षीहरुले लगाउन थालेका छन् ।












**टोखाको धिमेबाजा** : नेकपा (एमाले) प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वयन कमिटी काठमाण्डु क्षेत्र नं ५ ले बसुन्धारामा आयोजना गरेको निर्वाचन परिचालन कमिटी घोषणा कार्यक्रममा टोखाको धिमेबाजा प्रस्तुती गरिँदै । *तस्विर : रासस*

# अल्पसंख्यक र विपन्नको स्वास्थ्य बीमा गराउँदै स्थानीय तह

दमौली । तनहुँका स्थानीय तहले अल्पसंख्यक र विपन्न परिवारको निःशुल्क स्वास्थ्य बीमा गरिदिने भएका छन् ।

जिल्लाका विभिन्न पालिकाले चालु आर्थिक वर्षमा त्यस्ता परिवारको निःशुल्क स्वास्थ्य बीमा गरिदिने भएका हुन् । देवघाट गाउँपालिकाले अल्पसंख्यक जातिको निःशुल्क स्वास्थ्य बीमा गरिदिने भएको छ । गाउँपालिकाको चालु आवमा अल्पसंख्यक जातिको बीमा गर्नका लागि बजेट विनियोजन गरेको छ ।

गाउँपालिकाभित्र बसोबास गर्ने बोटे, बराम र चेपाङ परिवारको स्वास्थ्य बीमा गरिदिने गाउँपालिकाका अध्यक्ष तीलबहादुर थापाले जानकारी दिनुभयो । त्यस्ता परिवार पहिचान गरी बीमा गर्नका लागि रु तीन लाख ५० हजार विनियोजन गरिएको छ ।"अल्पसं्यक परिवारको सं्या पहिचान गरी निःशुल्क स्वास्थ्य बीमा गरिदिन्छौँ', उहाँले भन्नुभयो ।

गाउँपालिकाले सीमान्तकृत तथा आर्थिक सामाजिक रुपले पछाडि परेको भुजेल जातिको आयआर्जन वृद्धिका लागि पनि रु चार लाख बजेट विनियोजन गरेको छ । व्यास नगरपालिकाले विपन्न नगरवासीको स्वास्थ्य बीमा गरिदिने भएको छ । विपन्न नगरवासी र स्वास्थ्य बीमा नभएका ज्येष्ठ नागरिकको स्वास्थ्य बीमा गर्न लागिएको हो । सबैलाई स्वास्थ्यको पहुँचमा ल्याउन र बीमा गर्न नसक्ने विपन्न परिवारलाई नगरपालिकाका तर्फबाट बीमा गरिने प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले जानकारी दिनुभयो ।

जिल्लाकै आँबुखैरेनी गाउँपालिकाले सरकारी विद्यालयको प्राथमिक तहअन्तर्गत निश्चित वर्गका विद्यार्थीका अभिभावकलाई निःशुल्क स्वास्थ्य बीमा गर्ने भएको छ । प्राथमिक तहमा अध्ययन गर्ने विपन्न बालबालिकाका अभिभावकको स्वास्थ्य बीमा गर्ने निर्णय भएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो ।

बन्दीपुर गाउँपालिकाले पनि स्वास्थ्य बीमा कार्यक्रमलाई विस्तार गर्ने भएको छ । सबै जनतालाई स्वास्थ्यको पहुँचमा ल्याउन बीमा कार्यक्रम विस्तार गरिने गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताउनुभयो । आर्थिक रुपमा असहाय परिवारलाई स्वास्थ्य बीमामा सहभागी गराउने उद्देश्यसहित गाउँपालिकाले गत दुई वर्षदेखि स्वास्थ्य बीमामा सहयोग गर्दै आएको छ । आर्थिक अभावमा स्वास्थ्य बीमामा सहभागी हुन नसक्ने घरपरिवार छनोट गरी गाउँपालिकाले नै बीमा गरिदिने जनाइएको छ ।

गाउँपालिकाभित्रका सबै नागरिकलाई स्वास्थ्य बीमामा सहभागी गराउन यो कार्यक्रम ल्याइएको थापाले बताउनुभयो ।

आर्थिक रुपमा सम्पन्न भएका घरपरिवार स्वास्थ्य बीमामा सहभागी हुन सक्ने भए पनि गरिब तथा विपन्न घरपरिवार स्वास्थ्य बीमाबाट वञ्चित नहुन् भन्नका लागि योजना ल्याइएको थापाले जानकारी दिनुभयो ।"हरेक नागरिकले स्वास्थ्य सेवा पाउनुपर्छ, स्वास्थ्य बीमाका लागि रकम हाल्न नसक्नेलाई गाउँपालिकाको खर्चमा स्वास्थ्य बीमा गराइन्छ', उहाँले भन्नुभयो ।रासस

# २४ घण्टाको विपद् : १६ को मृत्यु, १७ बेपत्ता

काठमाण्डु । पछिल्लो २४ घण्टामा पहिराका कारण विभिन्न जिल्लामा १६ जनाको मृत्यु भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । प्राधिकरणले आज एक बुलेटिन सार्वजनिक गर्दै सोमबारदेखि मंगलबारसम्मको २४ घण्टाको समयमा कालिकोट, मुगु, हुम्ला र बाजुरामा गरी १६ को मृत्यु हुनुका साथै १७ बेपत्ता भएको उल्लेख गरेको छ ।

दाङ र जुम्लामा अविरल वर्षाका कारण एक जनाको मृत्यु र एक घाइते भएका छन् । आगलागीबाट भक्तपुरमा एक घाइते भएका प्राधिकरणले जनाएको छ । पछिल्लो समयमा रामेछाप जिलाको मन्थली विमानस्थलमा सबैभन्दा बढी (४० दशमलव चार मिमि) पानी परेको जनाइएको छ । वैशाखयता दुई हजार दुई विपद्जन्य घटनामा २७६ को मृत्यु र ३३ बेपत्ता भएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ । यसपालि पहिरोका कारण बढी मानिसले ज्यान गुमाएका छन् ।

**विपद्मा सेनाको उद्धार कार्य**

विगत केही दिनदेखि परेको अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा आएको बाढीपहिरोले जनजीवन प्रभावित इलाकामा नेपाली सेनाको जनशक्ति तथा स्रोत साधन प्रयोग गरी विभिन्न व्यक्तिको उद्धार गरिएको छ ।

नेपाली सेनाले बाँके जिल्लाको नेपालगञ्ज उपमहानगरपालिका-२० राँझा, गायत्री टोल आसपासका क्षेत्र डुबानमा परी घरभित्र फसेका करिब ८२ घरधुरीका स्थानीय बासिन्दालाई सुरक्षित स्थानमा लान सफल भएको जनाएको छ । नेपाली सेनाको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार सोही क्षेत्रको डुडुवा गाँउपालिका-१ खडैचा, चौफेरी गाउँका डुबान प्रभावित स्थानीय बासिन्दालाई पनि सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ ।

त्यहाँको राप्ती नदी र डुडुवा खोलाको पानी पसेर डुबानबाट प्रभावित स्थानीयवासीको उद्धारका साथै खाना र पानीको व्यवस्थापन गरिएको सेनाले जनाएको छ । यस्तै बर्दिया जिल्लाको गुलरिया नगरपालिका-८, थपुवा इलाका बबई नदीमा आएको बाढीले कटान गरी जोखिममा परेको करिब ५० मिटर बाँध बोरामा माटो भरेर बाँध बनाइएको आज सेनाले एक सूचना जारी गरी जनाएको छ ।

उता कैलाली जिल्लाको भजनी नगरपालिका-३ पक्रेडाँडाको डुबान प्रभावित इलाकामा स्थानीयवासीको उद्धार गर्नुका साथै राहत सामग्रीसमेत वितरण गरिएको जनाइएको छ । यस्तै कैलालीको डुबान प्रभावित इलाकामा स्थानीय तथा तिनका अत्यावश्यक सामग्रीहरु सुरक्षित स्थानमा स्थानान्तरण गर्नुका साथै बाढीका कारण हुलाकी राजमार्गमा आवतजावत गर्न समस्यामा परेका यात्रीहरूलाई सकुशल उद्धार गरिएको छ ।रासस

# करेन्ट लागेर दुई जनाको मृत्यु

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जमा करेन्ट लागेर दुई जनाको मृत्यु भएको छ ।

वीरगञ्ज महानगरपालिका वडा नम्बर ९ रानीघाटका ध्रुव सर्राफ र पर्साको धोबिनी वडा नम्बर ३ का सैफुल्लाह अन्सारीको करेन्ट लागेर मृत्यु भएको हो । वीरगञ्ज वडा नम्बर २६ का रामकिशोर प्रसाद कुर्मीको घरको दोस्रो तल्लाको छत प्लाष्टर गर्ने क्रममा छेउकै विद्युत्को पोलको तारमा छोइएर करेन्ट लाग्दा अन्सारीको मृत्यु भएको छ ।

यस्तै, वीरगञ्ज वडा नम्बर ८ पानीटंकी स्थित शत्रुधन सर्राफको घरको छाना सरसफाइ गर्ने क्रममा करेन्ट लागेर साह गम्भीर घाइते भएका थिए ।

घाइते साहलाई उपचारका लागि आशाराम अस्पतालमा लग्दा चिकित्सकले मृत घोषणा गरेको पर्साका प्रहरी उपरीक्षक रमेश बस्नेतले बताए । दुबै घटनाको अनुसन्धान भइरहेको बताइएको छ ।

# कांग्रेसका बागीले उम्मेदवारी फिर्ता नलिए स्वतः निष्कासित हुने

काठमाण्डु । नेपाली कांग्रेसले तोकिएको समय सीमाभित्र आफ्नो उम्मेदवारी फिर्ता नलिएमा बागी उम्मेदवार र निजको प्रस्तावक तथा समर्थक पार्टीबाट स्वतः निष्कासित हुने जनाएको छ ।


कांग्रेसले मंगलबार एक विज्ञप्तिमार्फत आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनमा कांग्रेसका आधिकारिक र गठबन्धन दलबीच सहमति भई बनेका आधिकारिक उम्मेदवार विरुद्ध बागी उम्मेदवारी दर्ता गराउने पार्टी सदस्यलाई यही असोज २६ गते १ बजेसम्म उम्मेदवारी फिर्ता लिन निर्देशन गरेको छ ।

विज्ञप्तिमा पार्टीका कुनै सदस्यले बागी उम्मेदवारी दर्ता गरे/गराएको भए, निर्वाचन आयोगद्वारा तोकिएको मिति र समय (असोज २६ गते बिहान १० बजे देखि दिउँसो १ बजेसम्म) उम्मेदवारी फिर्ता लिई पार्टीका आधिकारिक उम्मेदवार तथा गठबन्धन दलका उम्मेदवारलाई विजय गराउन सक्रिय भूमिका निर्वाह गर्न हुन निर्णयानुसार निर्देशन गरिएको छ ।रासस

# प्रधानमन्त्री देउवाको उम्मेदवारी विरुद्ध परेको उजुरी गैरकानूनी

डडेल्धुरा । प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको उम्मेदवारी कायम रहने भएको छ । उहाँको उम्मेदवारी विरुद्ध परेको उजुरी कानूनसम्मत नदेखिएको भन्दै उम्मेदवारी कायम राख्ने निर्णय गरिएको मुख्य निर्वाचन अधिकृत बालकृष्ण वाग्लेले जानकारी दिनुभयो ।

उम्मेदवार विरुद्ध परेको उजुरी र त्यसको जवाफ तथा उम्मेदवारका सम्पूर्ण कागजातमाथि छानबिन गरेका थियौं ।', उहाँले भन्नुभयो, उम्मेदवारका सबै कागजात कानुनसम्मत देखिएको छ, उम्मेदवार विरुद्ध परेको उजुरी भने कानूनसम्मत देखिएन ।'



एउटा मात्रै प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको डडेल्धुराबाट उम्मेदवारी दिएका प्रधानमन्त्री तथा कांग्रेसका सभापति देउवाको उम्मेदवारी रद्द गर्नुपर्ने माग गर्दै उहाँका प्रतिस्पर्धी कर्ण मल्लले सोमबार मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दिनुभएको थियो । देउवाको नागरिकता र मतदाता नामावलीमा फरकफरक जन्ममिति रहेको भन्दै मल्लले उम्मेदवारी खारेजीको मागसहित उजुरी दिनुभएको थियो । देउवाको उम्मेदवारी विरुद्ध उजुरी दिने मल्ल कांग्रेसका पूर्व डडेल्धुरा सभापति हुन् ।

उनी विसं २०७४ को निर्वाचनमा कांग्रेसबाटै प्रदेशसभा सदस्यमा विजयी भएका थिए । वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनमा एमालेसँग तालमेल गर्दै कांग्रेस बिपीको चुनाव चिह्नबाट आफू निकटका व्यक्तिलाई उम्मेदवार बनाएको भन्दै कांग्रेसले मल्ललाई पार्टीबाट निष्कासित गरेको थियो ।

अहिले कांग्रेस बिपीका वरिष्ठ उपसभापति रहेका मल्लले प्रधानमन्त्री देउवा विरुद्ध उम्मेदवारी दर्ता गर्नुभएको छ । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि डडेल्धुरामा देउवासहित ११ उम्मेदवारले मनोनयन दर्ता गराएका छन् ।रासस

# निर्वाचनमा सञ्चारकर्मीको भूमिका महत्वपूर्ण

विराटनगर । आसन्न प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनमा सञ्चारकर्मीहरूको भूमिका महत्वपूर्ण रहने उम्मेदवारहरूले बताउनुभएको छ । प्रेस चौतारी नेपाल मोरङ शाखाद्वारा मंगलबार आयोजित उम्मेदवार साक्षात्कार कार्यक्रममा उहाँहरूले यस्तो धारणा राख्नुभएको हो । निर्वाचनलाई निष्पक्ष, धाँधलीरहित, स्वतन्त्र एवं भयरहित वातावरणमा सम्पन्न गर्न सञ्चारकर्मीहरूको भूमिका अझ फराकिलो हुने र सञ्चारकर्मीहरूले आफ्ना सेवाको माध्यमबाट आचारसंहिता पालना गराउन पनि मद्दत हुने उहाँहरूको भनाइ छ ।

साक्षात्कार कार्यक्रममा मोरङ निर्वाचन क्षेत्र नं ४ का नेकपा (एमाले)को तर्फबाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार विनोद ढकालले यो निर्वाचन आवधिक निर्वाचन भएकाले यसले विशेष महत्व राख्ने बताउनुभयो । प्रणालीलाई संस्थागत विकास गर्न सञ्चारमाध्यमले सत्य र तथ्यमा आधारित भएर समाचार प्रवाह गर्नुपर्ने उहाँले बताउनुभयो ।

नेकपा (एमाले)का तर्फबाट निर्वाचन क्षेत्र नं ६ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार लालबाबु पण्डितले यो निर्वाचनमा राजनीतिक दलसँगै सञ्चारकर्मीहरूको पनि सक्रियता बढ्ने धारणा राख्नुभयो । उहाँले आसन्न निर्वाचन राजनीतिक दलका मात्र नभएर सञ्चारमाध्यमका लागि पनि भएकाले जनतामा रहेका भ्रमहरूलाई हटाउन सञ्चारकर्मीहरूको योगदान हुनुपर्छ भन्नुभयो । समाजका नकारात्मक टिप्पणीहरुलाई सकारात्मकरूपमा प्रस्तुत गर्न सञ्चारकर्मीहरूको भूमिका हुनुपर्ने उहाँको भनाइ थियो ।रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : पारिवाहिक सुख । |
| मिथून | : सुख समृद्धि हुने । |
| कंकट | : वाद विवादबाट बच्नु । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : भ्रमण अवसर हुने । |
| बृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : प्रेम प्रसंग, मित्र सुख । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : धन बृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# भरतपुर अस्पतालको आकस्मिक सेवा नयाँ भवनबाट

चितवन। भरतपुर अस्पतालको आकस्मिक (इमर्जेन्सी) सेवा छ दशकपछि नयाँ भवनबाट सुरुआत भएको छ । अस्पतालले विसं २०२० मा बनेको अस्पतालको आकस्मिक सेवा नयाँ भवनबाट सुरु भएको हो ।




अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेन्ड प्रा डा कृष्णप्रसाद पौडेलका अनुसार पुरानो र जीर्ण भवनबाट सञ्चालन हुँदै आएको सेवा नयाँ भवनबाट सुरु गरिएको छ । हाल २० शय्याबाट सुरु भएको नयाँ भवनको सेवा केही समयपछि नै ५० शय्यामा सञ्चालन गरिने उहाँले बताउनुभयो ।

नयाँ भवनमा आकस्मिक प्रयोगशाला, एक्सरे, सामान्य शल्यक्रिया कक्षसहितको सेवा हुने उहाँको भनाइ छ । यी सेवा पूर्णरूपमा सञ्चालन गर्न भने एक-दुई महिना लाग्ने प्रा डा पौडेलले बताउनुभयो । नयाँ भवनको माथि दुई तला थप्ने अस्पतालको तयारी छ । दुई तला थप गरेपछि ट्रमा सेन्टरसमेत सोही भवनमा सञ्चालन गरिने छ । स्वास्थ्य मन्त्रालयले रु सात करोड लागतमा एकतले भवन बनाएको हो । अस्पतालले दुई तला थप गर्ने गरी विस्तृत अध्ययन प्रतिवेदन तयार गरिसकेको छ । उहाँले भन्नुभयो, "तला थप गर्न मन्त्रालयमा पुनः बजेट माग गर्ने तयारीमा छौं ।"

विगतमा १२ शय्या सञ्चालन हुँदै आएको पुरानो आकस्मिककक्ष गत वर्षदेखि २० शय्या पुर्‍याइएको थियो । सोही २० शय्यालाई हाल नयाँ भवनमा सारिएको हो । नयाँ भवनमा पर्याप्त ठाउँ भएकाले उपचारमा सहज हुने छ । नयाँ भवनको आकस्मिक सेवा पूर्णरूपमा सञ्चालन आएसँगै शय्या अभावमा बिरामी बाहिर पठाउनुपर्ने बाध्यताको अन्त्य हुने मेसु डा पौडेलले बताउनुभयो ।

अस्पतालको तथ्याङ्कानुसार वार्षिक झण्डै एक लाखको हाराहारीमा आकस्मिक कक्षमा बिरामी आउने गर्छन् । विसं २०१३ मा महेन्द्र आदर्श चिकित्सकलयको नामबाट स्थापना भएको अस्पताल हाल सङ्घीय अस्पतालका रूपमा छ ।रासस

# नारायणगढ–मुग्लिन सडकः चालु आवभित्र १२ पुल निर्माण हुने

भरतपुर । चालु आर्थिक वर्षभित्र नारायणगढ-मुग्लिन सडकखण्डका १५ पुलमध्ये १२ वटाको निर्माण सकिने भएको छ । नारायणगढ-मुग्लिन सडक आयोजनाका अनुसार यसै आर्थिक वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी पुल निर्माणको काम धमाधम भइरहेको छ ।



आयोजनका प्रमुख किरण कार्कीले निर्माण भइरहेका १५ वटा पुलमध्ये १२ पुल यसै आर्थिक वर्षभित्र निर्माण सम्पन्न गरिसक्ने बताउनुभयो । उन्नाइस पुलमध्ये चार पुल यसअघि नै निर्माण सम्पन्न भइसकेका उहाँले जानकारी दिनुभयो। पछिल्लोपटक १५ पुल निर्माणका लागि दुई प्याकेजमा ठेक्का आह्वान गरेर काम सुरु गरिएको हो ।

तीमध्ये पहिलो प्याकेजको ४५ र दोस्रो प्याकेजको ८२ प्रतिशत काम सकिएको आयोजनाले जनाएको छ । समग्रमा १५ पुल निर्माणको काम ६० प्रतिशत काम सकिएको छ । सडकखण्डअन्तर्गतका पुललाई दुई भागमा विभाजन गरेर ठेक्का लगाइएको हो । प्याकेज-१ मा इच्छाकामना गाउँपालिकाको मुग्लिनबाट रिग्दीखोलासम्मका पुल छन् । जसमा खहरे, चिसेन्जी, तुइन, काली, टोपे, न्याम्सी र रिद्धीखोला गरी सात पुल छन् । यीमध्ये टोपेखोलाको पुल तीन-चार महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

चिसेन्जी र तुइन पुलको काम भर्खर सुरु भएको छ । "यी पुलको डिजाइन गर्न नै एक वर्ष लाग्यो, प्रमुख कार्कीले भन्नुभयो", पुल निर्माणका लागि डाँडा कटान गर्नुपर्ने भएकाले पहिलो चरणमा ठाउँ तयार गर्दैछौं ।" भौगोलिकरूपमा पनि यी दुई पुल निर्माण गर्न कठिनाइ रहेको उहाँले बताउनुभयो । तिहारपछि एक-दुई घण्टा राजमार्ग बन्द नै गरेर काम गर्ने योजना बनाएको कार्कीले जानकारी दिनुभयो। रिद्धी र कालीखोलामा आर्कब्रिज भएका कारण निर्माणमा समय लाग्ने उहाँको भनाइ छ । नाम्चेखोलामा पहिराले दुःख दिएका कारण पुल निर्माणमा समस्या भएको कार्कीले बताउनुभयो । "रिद्धीखोला र कालीखोलाको पुल चैतसम्म निर्माण सक्ने गरी काम भइरहेको छ, तिहारपछि कामले झन् गति लिन्छ", उहाँले भन्नुभयो ।

प्याकेज-२ मा भरतपुर महानगरपालिकाअन्तर्गत सिमलतालबाट जुगेडीसम्मका पुल पर्छन् । जुगेडी, खहरे, खोर, लामोबालुवा, भोर्ले, डुम्रे, सिमलताल र सेतीदोभान खोला गरी आठ पुल छन् । यो प्याकेजअन्तर्गत जुगेडीबाहेक अन्य पुलको ९० प्रतिशत काम सकिएको आयोजनाले जनाएको छ । जुगेडी पुलको पिलर निर्माणको काम भएको छ। सो क्षेत्रमा रहेका घरटहरा र मुअब्जा वितरणमा भएको ढिलाइका कारण पुल निर्माणमा असर परेको आयोजना प्रमुख कार्कीले बताउनुभयो । यो प्याकेजअन्तर्गत पाँचवटा पुल तीन-चार महिनाभित्रै गाडी गुडाउन मिल्ने गरी काम सम्पन्न गर्न ठेकेदार कम्पनीलाई निर्देशन दिएको उहाँले भन्नुभयो ।

कार्कीका अनुसार प्याकेज-१ का सात पुल चार सय ४२ मिटर लामा छन् भने प्याकेज-२ का आठ पुल तीन सय ८१ मिटर लामा छन्। पुलको गाडी हिँड्ने ठाउँ सात दशमलव पाँच मिटर फराकिलो हुनेछ । दुवैपट्टि एक दशमलव पाँच मिटर फराकिला फुटपाथ र २५ सेन्टिमिटर रेलिङका लागि छुट्याइएको छ। ठेकेदार कम्पनीलाई नक्साङ्कनसहित ठेक्का दिइएकाले कुल खर्चमा १० प्रतिशत तलमाथि हुनसक्ने आयोजनाले जनाएको छ।

दुवै ठेक्का एउटै कम्पनीले पारेको हो । १५ पुलका लागि विसं २०७६ चैत १० गते ठेकेदार कम्पनीसँग सम्झौता भएको थियो । सम्झौताको ३३ महिनामा काम सम्पन्न गर्ने गरी अनक कन्स्ट्रक्सनले ठेक्का स्वीकार गरेको थियो । तर सम्झौताको म्याद सकिन तीन महिनामात्रै बाँकी छ । एक वर्ष म्याद थप गर्ने आयोजनाले तयारी गरेको छ । नारायणगढ-मुग्लिन सडक विस्तार भएको तीन वर्ष बितिसक्दा पनि पुल निर्माणको काम सकिएको छैन ।

आयोजनाले कोरोना महामारी, भौगोलिक कठिनाइ, प्राकृतिक प्रकोप र मुअब्जा वितरणलगायतका कारणले काममा ढिलाइ भएको बताएको छ । पुल निर्माणका लागि आवश्यक बजेट अभावमा पनि काममा ढिलाइ भएको आयोजनाले बताएको छ । यस वर्ष रु ५० करोड माग गरेकामा रु ११ करोडमात्र विनियोजन भएको छ। पुल निर्माण समयमा नसकिँदा यो सडकखण्ड हुँदै आवतजावत गर्ने सवारी तथा यात्रुले समय-समयमा जामको सास्ती खेप्नुपरेको छ भने दुर्घटनाको समेत जोखिम छ। हाल भएका पुराना पुल सबै अवस्थामा छन् । यो राजमार्गलाई एसियन विकास बैंक (एडिबी) को सहयोगमा एसियन मापदण्डअनुसार बनाइएको हो ।रासस

# मोरङमा सुरक्षित आप्रवासी परियोजना प्रभावकारी

मोरङ । सुरक्षित वैदेशिक रोजगारका लागि सञ्चालित सुरक्षित आप्रवासी (सामी) परियोजनाले मोरङमा प्रभावकारी बन्दै गएको छ । परियोजनाले वैदेशिक रोजगारमा जानेलाई सही सूचना दिने, सहजीकरण गर्ने, विदेशमा अलपत्र परेका कामदारको उद्धार तथा म्यानपावर कम्पनी एवं एजेन्टबाट ठगीमा परेकालाई रकम फिर्ता गराउने जस्ता कामगर्दै आएको छ ।




जिल्ला प्रशासन कार्यालय मोरङ परिसरमा विगत दुई वर्षदेखि सञ्चालनमा रहेको परियोजनाले विदेश जाने युवायुवतीलाई आवश्यक परामर्श दिनुका साथै आवश्यकपर्ने सीप सिक्न प्रोत्साहित गर्ने, विदेशमा गर्नुपर्ने कामका सम्बन्धमा म्यानपावरसँग आवश्यक जानकारी लिने जस्ता विषयमा सल्लाहसुझाव दिने गरेको छ ।

परियोजनाले गत आर्थिक वर्षमा विभिन्न म्यानपावर तथा एजेन्टबाट वैदेशिक रोजगारमा जाने कामदारबाट लिएको रु एक करोड बाह्र लाख दश हजार पाँच सय असुल उपरगरी पीडित पक्षलाई बुझाएको छ । यसैगरी परियोजनाले सोही वर्ष वैदेशिक रोजारमा जाने तीन हजार चार सय ९४ जना पुरुष र एक हजार एक सय आठ महिलालाई परामर्श दिएको छ ।

सोही अवधिमा कार्यालयमा दुई सय ८६ उजुरी दर्ता भएकामध्ये एक सय ८२ ठगिका, विदेशमा अलपत्र परेका र मृत्यु भएका एक सय चार रहेको परामर्सकर्ता सरोजकुमार खनालले जानकारी दिनुभयो ।

यस्तै परियोजनाले गत आर्थिक वर्षमा सहायता, मृत्यु पश्चात हुने बीमा, पाउने तलब सुविधा र बोनस जस्ता ७२ वटा उजुरीको समाधान गरी रु तीन करोड एक लाख ८९ हजार रकम असुल गरी सम्बन्धित पक्षलाई बुझाउन सफल भएको उहाँले बताउनुभयो ।

मलेसिया, साउदी, कुवेत, कतार लगायत विदेशमा काम गर्न जानका लागि दैनिक ६० जनाले परियोजनामार्फत परामर्श सेवा लिने गरेका छन् ।रासस

# गोदावरी नगरपालिकामा डेङ्गु

ललितपुर । गोदावरी नगरपालिकामा ज्वरो आएका चार सय ५० व्यक्तिमध्ये एक सय ३२ जनालाई डेङ्गु देखापरेको छ ।

गोदावरी नगरपालिका प्रमुख जनस्वास्थ्य अधिकृत लालबहादुर थापाका अनुसार उक्त नगरपालिकाको वडा नं ३, ११, १२, र १४मा डेङ्गुको बढी सङ्क्रमण बढी देखिएकाले नियन्त्रणका लागि विभिन्न किसिमका क्रियाकलाप अपनाउँदै आइएको छ ।

रेडक्रस, जनप्रतिनिधि, वडाका स्वास्थ्यचौकी, महिला स्वास्थ्य स्वयम्सेविका, विद्यालय र बुद्धिजीवीले घर, कार्यालय, उद्योग विद्यालय आदिमा पर्चा बाँड्ने, पानी जम्ने ठाउँमा सरसफाइ गर्नाका साथै सञ्चारमाध्यबाट जनचेतनासम्बन्धी गरिराखेको उहाँको भनाइ थियो ।

अहिले नगरपालिकामा डेङ्गुको सङ्क्रमण कम भए पनि सर्तक रहन अह्वान गरिएको र त्यसका लागि पारासिटामोललगायत औषधि पर्याप्त व्यवस्था गरिएको बताइएको छ । नेपालमा ३३ हजार ९७५मा डेङ्गु सङ्क्रमण भएकामा मृत्यु हुनेको सङ्ख्या ४४ पुगेको जनाइएको छ ।रासस

# राष्ट्रपति भण्डारी अस्पतालबाट 'डिस्चार्ज'

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारी उपचारपछि मंगलबार अस्पतालबाट डिस्चार्ज हुनुभएको छ ।



कोरोना सङ्क्रमण भई त्रिभुवन विश्वविद्यालय (त्रिवि) शिक्षण अस्पतालमा उपचाररत उहाँको स्वास्थ्यमा सुधार आएपछि आज दिउँसो १२:४५ बजे अस्पतालबाट डिस्चार्ज हुनुभएको अस्पतालका सूचना अधिकारी रामविक्रम अधिकारीले जानकारी दिनुभयो ।

"उहाँको स्वास्थ्य अवस्थामा सुधार देखिएपछि मंगलबार घर फर्कनुभएको हो", उहाँले भन्नुभयो, "राष्ट्रपति भण्डारीको ज्वरोलगायत स्वास्थ्यका अन्य सूचकाङ्कहरु सामान्य छन् ।" यही असोज २२ गते राष्ट्रपति भण्डारीलाई रुघाखोकी र ज्वरो आएपछि अस्पतालको एनेक्स वार्ड नं ६०१ मा भर्ना गरी उपचार गरिएको थियो । त्यस क्रममा पिसिआर परीक्षण गर्दा कोरोना सङ्क्रमण देखिएको थियो ।

उहाँको उपचारमा डा नीरज बमको नेतृत्वमा चिकित्सकको टोली खटिएको थियो ।रासस

# मौसम क्रमिकरूपमा सुधार

काठमाण्डु । नेपालको आसपास विकास भएको न्यूनचापीय प्रणाली कमजोर भएसँगै आजबाट मौसम क्रमिकरूपमा सुधार हुने जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

मनसुन सक्रिय रहे पनि न्यूनचापीय प्रणाली कमजोर रहेकाले मनसुन क्रमिकरूपमा सुधार हुँदै गएको महाशाखाका मौसमविद् हीरा भट्टराईले जानकारी दिनुभयो । उहाँले अबको दुई दिनपछि नेपालको मौसममा पूर्णतया सुधार हुने बताउनुभयो । मौसमविद् भट्टराईले भन्नुभयो, "मनसुन जारी रहे पनि वर्षा गराउने प्रणाली कमजोर भएको छ । मंगलबार कर्णाली र सुदूरपश्चिमका केही स्थान र पूर्वका धेरै स्थानमा वर्षा हुने देखिन्छ। भोलिदेखि सुदूरपश्चिम र कर्णाली प्रदेशमा सुधार हुन्छ, बिहीबारदेखि देशैभर मौसम सफा रहन्छ।"



जारी मनसुनका साथै आसपास विकास भएको न्यूनचापीय प्रणालीको प्रभावले विगत आठ दिनदेखि निरन्तरको वर्षा पछिल्लो तीन दिनयता खण्डितरूपमा मात्रै भइरहेको छ । मनसुन बाहिरिन अझै एक साता लाग्ने महाशाखाले जनाएको छ ।

हाल नेपालमा हरियाणा आसपास रहेको न्यूनचापीय क्षेत्रको प्रभाव रहेको छ । उक्त मौसमी प्रणालीका कारण अहिले देशभर सामान्यदेखि पूर्ण बदली रहेको छ भने प्रदेश नं १, बागमती र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा हल्का वर्षा भइरहेको महाशाखाले जारी गरेको मौसम बुलेटिनमा उल्लेख छ ।

दिउँसो देशभर सामान्यदेखि पूर्ण बदली रहेको छ । प्रदेश नं १, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा र बाँकी प्रदेशका एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । महाशाखाका अनुसार आज काठमाडौंको न्यूनतम १८ र अधिकतम तापक्रम २६ डिग्री सेल्सियस रहेको छ ।रासस

# भक्तपुरमा तयार हुँदै तिहारको पाला

भादगाउँ । नेपालीको दोस्रो ठूलो पर्व तिहार नजिक आउँदैछ। बजारमा तिहारका लागि आवश्यक पालाको माग बढेसँगै भक्तपुरका कुमाले समुदायलाई यतिखेर पाला बनाउने, सुकाउने, पोलेर पूरा तयार गरी बजार पठाउन भ्याइनभ्याइ भएको छ । "तिहार आउन अझै दुई साता बाँकी छ । मागअनुसारको पाला एक हप्ताभित्र पठाउनुपर्छ", भक्तपुर तालाक्वका गङ्गालक्ष्मी प्रजापतिले भन्नुभयो ।



तिहार नजिकिएसँगै तालक्वका कुमाले समुदायको दिनचर्या नै पाला तयार गर्नेमै बित्ने गरेको गङ्गालक्ष्मी बताउनुहुन्छ । तिहारमा पालाको माग अत्यधिकमात्रामा उच्च हुने भएकाले यो समय कुमालेले अन्य भाँडा बनाउने कामलाई थाँती राखेका छन् । तिहारमा लक्ष्मी पूजाका लागि बाहिरी जिल्लाबाट माग आउने भएकाले अन्य भाँडा बनाउने कामलाई थाती राखेको गङ्गालक्ष्मीले बताउनुभयो ।

"बिहान ५ बजेदेखि अघिल्लो दिन नै तयार गरी राखेको माटोले पाला बनाउने, सुकाउने, रातो माटोको रङ लगाउने र सुकिसकेको पालालाई पोलेर तयार गरी मागअनुसार बजार पठाउने काममा दिन बित्छ। अहिले अन्य भाँडाकुँडा बनाउने समय छैन", गङ्गालक्ष्मीले भन्नुभयो।

अहिले भक्तपुरका तालक्वका प्रजापति मात्र होइन सुजमारी, लिवाली, तुमुचो, च्याम्हासिंह, सूर्यविनायक र चुनदेवीका कुमालेसमेत अन्य भाँडा बनाउने कार्यलाई थाती राख्दै पाला बनाउने कार्यमा तल्लीन छन् । तिहारमा धनकी देवी लक्ष्मीको पूजा गर्ने पर्व भएकाले लक्ष्मीलाई घरमा भित्र्याउन तिहारमा पालामा दियो बाल्ने परम्परा रहेको छ। तिहारको लक्ष्मी पूजाको दिन दिपावली गर्न घरको दैलो, झ्याल ढोका, कौशी, बरण्डालगायतका स्थानमा पालाको दियो बाली झिलीमिली पार्ने परम्परा रहेको छ। पछिल्लो समय तिहारमा पालासँगै बत्ती बाल्न विद्युतीय बत्तीको मागसमेत उच्च छ । तिहारमा बिजुलीका रङ्गीचङ्गी बत्ती बालेर झिलीमिली पार्ने गरे पनि अनिवार्यरुपमा दियो पनि बाल्नुपर्ने परम्परा भएकाले तिहारमा बर्सेनि पालाको माग बढ्ने गरेको अर्का व्यवसायी रामप्रसाद प्रजापति बताउनुहुन्छ । उहाँले केही वर्ष पहिले मैनबत्ती बाल्ने प्रचलन देखिए पनि दियो जस्तो सुरक्षित नभएपछि पालाको माग बढेको जानकारी दिनुभयो । "विभिन्न आधुनिक विद्युतीय झिलिमिली बत्ती र मैनबत्तीको दाँजोमा सुरक्षाको दृष्टिकोणले पालालाई अत्यन्तै राम्रो र उत्तम मानिने भएकाले बजारमा यसको माग बढेको हो", रामप्रसादले भन्नुभयो।

कुमाले टोलमा तयार गरिएका पाला होलसेल व्यापारीलाई बिक्री गरिन्छ । होलसेल व्यापारीले पालाको साइजअनुसार ठूलो सानो हेरी मूल्य निर्धारण गरेर त्यसमा केही मुनाफा खाएर काठमाडौं उपत्यकाका विभिन्न स्थानका खुद्रा बिक्रेतामार्फत उपभोक्तामाझ पुर्‍याउने गरेको रामप्रसादले बताउनुभयो।

भक्तपुरको कुमाले टोलमा तयार गरेको पाला काभ्रेको बनेपा, धुलिखेल, पनौती, नुवाकोटको त्रिशूलीका साथै पोखरा, हेटौंडा, चितवनका व्यापारीले पनि लिन आउने गरेको रामप्रसादले बताउनुभयो।रासस

# बस्ती छिरेर सताउने बाघ नियन्त्रणमा



भरतपुर । मानवबस्तीमा छिरेर सताउने बाघलाई नियन्त्रणमा लिइएको छ । चितवन राष्ट्रिय निकुञ्जको प्राविधिकसहितको टोलीले माडी नगरपालिका-२ सितलपुरबाट सोमबार राति १० बजे बाघ नियन्त्रणमा लिएको हो।

उक्त बाघले असोज २३ गते स्थानीय उमनाथ पौडेलको गोठमा बाँधेको पाडो मारेको थियो । बाघ पुनः सोही क्षेत्रमा आएपछि डार्ट गरेर नियन्त्रणमा लिइएको निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यले जानकारी दिनुभयो । उहाँले एक महिनादेखि बाघ पटक-पटक गाउँमा पसेका कारण नियन्त्रणमा लिनुपरेको बताउनुभयो ।

नियन्त्रणमा लिइएको बाघलाई कसरामा रहेको खोरमा राखिएको छ । बाघको स्वास्थ्य अवस्था र आनीबानी हेरिसकेपछि निकुञ्जको निगरानी रहने स्थानमा छाडिने संरक्षण अधिकृत आचार्यले जानकारी दिनुभयो । चालु आर्थिक वर्षमा बाघको आक्रमणबाट चितवनमा एकजनाको मृत्यु भएको थियो । पछिल्लो तथ्याङ्कानुसार यस निकुञ्जमा एक सय २८ बाघ रहेका छन् ।

**गैँडाको आक्रमणबाट घाइते महतोको मृत्यु**

चितवनको रत्ननगरमा गैँडाको आक्रमणबाट घाइते भएका रत्ननगर नगरपालिका-६ का विसुन महतोको मृत्यु भएको छ । उहाँलाई यही असोज १० गते चितवन राष्ट्रिय निकुञ्जबाट बस्तीमा आएको गैँडाले आक्रमण गरेको थियो ।

गैँडाको आक्रमणबाट घाइते उहाँको चितवन मेडिकल कलेजमा उपचार भइरहेकामा थप उपचारका लागि हिजो सोमबार काठमाडौं लगिएकामा मंगलबार बिहान मृत्यु भएको मृगकुञ्ज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष दुर्गाप्रसाद घिमिरेले जानकारी दिनुभयो ।रासस

जनकपुर टुडे





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# कानून छल्न 'डमी' उम्मेदवार

निर्वाचन आयोगले चुनावलाई स्वतन्त्र र निष्पक्ष रुपमा सम्पन्न गर्न बनाउने आचारसंहिता र कानूनलाई छल्न 'डमी' उम्मेदवार उठाउने गरिएको छ । निर्वाचन आयोगको पछिल्लो विवरण अनुसार प्रतिनिधि सभातर्फ कुल उम्मेदवारको ३३ प्रतिशतको हाराहारीमा स्वतन्त्र उम्मेदवार उठेका छन् । दुई जना दलगत उम्मेदवारको बीचमा एकजना स्वतन्त्र उम्मेदवार छन् । मधेश प्रदेशमा मुख्यतः ३ जना स्वतन्त्र उम्मेदवारले चुनावको नतिजालाई परिवर्तन गर्ने हैसियतमा देखिएका छन् । अन्य स्वतन्त्र उम्मेदवारहरु मध्ये जितको विश्वासका साथ मनोनयपत्र दाखिला गर्नेहरुको संख्या पनि थोरै छ । अधिकांश स्वतन्त्र उम्मेदवारहरु 'डमी' छन् । वास्तविक उम्मेदवारहरुले 'डमी' उम्मेदवार खडा गरी निर्वाचनमा तोकिएको भन्दा अत्यधिक सुविधा उपयोग गर्छन् । 'डमी' स्वतन्त्रले पाउने सुविधाहरु मध्ये सवारी साधन, बुथ प्रतिनिधि, मतगणना प्रतिनिधि, निर्वाचनको दिन मानिस ओसार पसार र 'गुण्डा' हरुको परिचालन वास्तविक उम्मेदवारहरुले उपयोग गर्छन् । निर्वाचन आयोगले कानून र आचार संहिता बनाएर चुनावलाई मितव्ययी बनाउने प्रयास गर्दै आएको छ । तर त्यसलाई छल्न प्रतिस्पर्धी उम्मेदवारहरुले 'डमी' उम्मेदवारको प्रयोग गर्छन् । 'डमी' उम्मेदवारमा पत्नी, भाई भतिजा, कार्यकर्ताहरु पनि हुन सक्छन् । 'डमी' उम्मेदवार उठाउने उम्मेदवारहरुले उनीहरुलाई क्रमिक रुपमा प्रवेश गराउँदै प्रचार प्रसार गर्ने गर्छन् । निर्वाचन आयोगमा आचार संहितामा हस्ताक्षर गर्ने नेताहरुले पनि 'डमी' उम्मेदवारहरु उठाएर सेवा उपयोग गर्छन् । निर्वाचन आयोगले विकृत्ति रोक्न अनेक उपायहरु अबलम्बन गर्छन् । तर उम्मेदवारहरुले आयोगको सबै उपायहरुलाई छल्दै आएका छन् ।चुनावलाई निष्पक्ष र स्वतन्त्र रुपमा सम्पन्न गर्न आयोगले विकृत्तिहरुलाई हटाउनै पर्छ । मतदाताहरुले आग्रह र दबाब बिना मतदान गर्ने वातावरण बनाउनु पर्छ । मतदाताहरुको चुनावमा सहभागिता बढाउन निर्वाचन आयोगले विशेष कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ । आयोगले मतदातालाई सहजताका लागि ध्यान दिनु आवश्यक छ ।मतपत्रबाट चुनाव बढी खर्चिलो र लामो समय लाग्ने भएकाले भोटिंग मेसिनको प्रयोगतर्फ पनि सोच्नु आवश्यक छ । निर्धारित समयमा नै चुनाव हुनुपर्ने आमधारणा विपरीत मध्यावधि निर्वाचन हुने गरेको छ । यस अघि नै चुनावको घोषणा दुई पटक भएको थियो । तर सर्वोच्च अदालतको फैसलाले त्यसलाई टारेको थियो । चुनाव निर्धारित पाँच वर्षमा अनिवार्य रुपमा हुनुपर्छ । तर चुनावमा देखिएको विकृत्तिहरुलाई न्यून गर्न निर्वाचन आयोग कठोर हुनुपर्छ । लोकतन्त्रलाई संस्थागत गर्न निर्वाचन विकृत्तिरहित हुनुपर्छ ।

# प्राकृतिक प्रकोप नियन्त्रणमा नागरिकको भूमिका

प्राकृतिक प्रकोपको व्यावहारिक दृष्टान्त आँधी, हुरी, सुख्खा, बाढी, भूकम्प आदि हुन् । अध्यात्मवादीहरु यसलाई दैवी प्रकोप पनि भन्दछन् । नेपालमा धेरै ठूला आँधीहरु आउँदैनन् । यसको कारण हो कि हाम्रो नजिक समुद्र छैन । जमिनमा रुख बिरुवा र खाल्टो हुनाले हावाको गतिलाई रोक्दछ । साथै नेपालमा पहाडै पहाड छ । हावाको जस्तोसुकै गतिलाई पनि पहाडले रोक्दछ । एक त समुद्र नहुनु तथा अर्को पहाडै पहाड र जंगल हुनुले हावाको गतिलाई रोक्दछ जसले गर्दा समुद्री किनारमा आउने साइक्लोन जस्ता हावाहुरीहरु हामीकहाँ आउँदैनन् । तर पनि हरेक वर्ष हावाहुरीले हामीकहाँ ठूलो क्षति पुऱ्याउने गरेको छ । हावाहुरीले मुख्य गरी चैतदेखि असारसम्म निकै क्षति पुऱ्याउने गरेको छ । रुख ढाल्ने, केराखेती तथा अन्य तरकारी बालीलाई ठूलो क्षति पुऱ्याउनुका साथै छाप्रेघरहरुलाई पनि ठूलो नोक्सानी पुऱ्याउने गरेको छ ।

केही वर्ष पहिलेको भूकम्प आफैँमा एउटा भयानक प्राकृतिक प्रकोप थियो । केही दिनको अन्तरालमा नेपालमा पनि सानातिना भूकम्पहरु त्यसपछिका दिनमा जाने क्रम देखिइरहेको छ । सानातिना धक्काले खासै केही असर नपरे पनि ठूलो भूकम्प पो आउने हो कि भन्ने डर र चिन्ता धेरैलाई हुने गरेको छ । यो चिन्ता जायज पनि छ । किनभने भूकम्पले पूर्व सूचना दिँदैन । अन्य प्राकृतिक प्रकोपले झैँ भूकम्पको बारेमा पहिले अनुमान लगाउन वा वैज्ञानिक किसिमले यसबारे पूर्व तथ्य पहिल्याउन सकिएको छैन । यसको सचेतना नै सबैभन्दा ठूलो उपाय हो बचावको लागि । सबैभन्दा पहिले त हरेक क्षेत्रको निर्माणलाई भूकम्परहित बनाउनु सबैभन्दा ठूलो उपाय रहेको छ । भूकम्पबाट कसरी जोगिने भन्ने विषयमा पनि सचेत हुनु आवश्यक छ । यस विषयमा निरन्तर सचेतना जगाइरहनु पर्दछ । निरन्तरको सचेतनाले भूकम्प प्रतिरोधी चेतनामा आम नागरिकमा गइरहन्छ र मानिस सचेत भइरहन्छन् ।

बाढी र सुख्खा दुई विपरीत प्राकृतिक प्रकोप हुन् । आवश्यकताभन्दा बढी वर्षा हुँदा बाढी आउने हुन्छ भने आवश्यकताभन्दा कम वर्षा हुँदा सुख्खा जाने सम्भावना हुन्छ । बाढीले पनि देशमा जनधनको क्षति पुऱ्याउने हुन्छ । हरेक वर्ष केही मात्रामा बाढीबाट जनधनको क्षति हुने गरेको छ नै । गत वर्ष अलिक बढी क्षति भएको पनि सत्य हो । बाढीले घर बगाउने तथा मानिस र चौपायालाई हानि गर्ने हुन्छ । यदि बस्ती डुबानमा वा कटानमा पर्छ भने यसले निकै धेरै हानी पुग्ने सम्भावना हुन्छ । बाढीले बालीनालीलाई पनि असर पुऱ्याउने गरेको छ । हरेक वर्ष बाढीले बालीनालीलाई ठूलो असर पुऱ्याएको देखिन्छ । यस वर्ष मुख्य गरी मधेस प्रदेशमा बाढीले क्षति पुऱ्याएको देखिएको छैन तर बाढीको तुलनामा सुख्खाले भने क्षति पुऱ्याएको छ । असार, साउन र करिब आधा भदौ महिनामा खासै पानी नपर्दा धान बालीमा नोक्सान पुगेको थियो । पछिल्लो समयमा पानी पर्न थालेपछि भने धानबाली सप्रेको छ तर धानकै एक प्रजाति गदर बालीलाई भने सुख्खाले आफ्नो चपेटमा लिएको सत्य हो । बाढी र सुख्खाको समयमा पहाडमा पहिरो जाने हुन्छ । पहिरो पनि सुख्खा र हिले दुवै किसिमको हुने गरेको छ । पहिरोले नेपालमा हरेक वर्ष जनधनको क्षति पुऱ्याउने गरेको छ । बाटै अवरुद्ध पारिदिने, घरखेत नै बगाएर लैजाने तथा जनधनको क्षति पुऱ्याउने काम पहाडमा पहिरोले गर्दै आएको छ । पहिरोको सम्भावित जोखिम क्षेत्रको पहिचान गरी पहिरोलाई नै रोक्नु पर्ने तथा पहिरोबाट हुन सक्ने क्षतिलाई सम्भव भएसम्म न्युन गर्ने उपायको खोजी गर्नुपर्ने देखिन्छ । यो असम्भव भने छैन तर पनि हरेक वर्ष बाढी पहिरो तथा सुख्खा पहिरोबाट क्षति पुगिरहेको देखिएको छ । बाढी र पहिरोबाट जोगिन जनचेतना त जरुरी छ नै तर यो भने पर्याप्त छैन । बाढी र पहिरोबाट जोगाउन तथा क्षतिलाई न्युन गर्न राज्यले पनि सम्भव भएसम्मको प्रयास गरिनु आवश्यक आवश्यक छ । नागरिकले पनि राज्यको भर मात्र परेर बाढी पहिरोबाट जोगिन सम्भव छ भने नठाने हुन्छ । हरेक समय सचेत रहनै परेको छ ।

नेपालमा हिमस्खलन अर्थात हिउँ पहिरोका घटनाहरु पनि सुन्नमा आउँछन् । हिउँ पहिरोले पनि नेपालमा क्षति पुऱ्याएको देखिन्छ । हिउँ पहिरो मुख्य गरी हिउँ अत्यधिक जम्ने क्षेत्रमा हुने गरेको छ । नेपालमा हिउँ अत्यधिक जम्ने उच्च हिमाली क्षेत्रतिर तुलनात्मक रुपमा बस्ती कम रहेको छ तर पर्वतारोहणको दृष्टिकोणले भने निकै रमाइलो, राम्रो ठाउँको रुपमा रहेको नेपालमा पर्वतारोहणको क्रममा हिउँस्खलनमा मानिसहरु पर्दा भने संकट नै पर्ने गरेको हुन्छ । हिमस्खलनको पूर्व जानकारी हुँदैन । यो पनि पहिरो नै भएकोले यसको बारेमा पूर्व जानकारी नहुनु स्वाभाविक हो तर सम्भव भएसम्मको सचेतना अपनाउनु उचित हुन्छ । यस क्षेत्रका उच्च बौद्धिक तथा प्राविधिक दृष्टिकोणले बुझ्ने मानिसले निरन्तर सचेतनाको विस्तार गर्नु आवश्यक छ ।

विदेशमा ज्वालामुखी विस्फोटलाई पनि प्राकृतिक प्रकोपकै रुपमा लिइन्छ । हाम्रो देशमा ज्वालामुखी विस्फोटका घटना सुन्न पाइँदैन तर विदेशमा भने सुन्न पाइन्छ । यस बारेमा त्यहीँका स्थानीयलाई बढी जानकारी हुनुपर्छ ।



**सञ्जय साह मित्र**

*प्राकृतिक प्रकोप किन आउँछ भन्ने विषयमा कुनै ठोस कारण वा एकै किसिमको कारण भन्ने हुँदैन । यदि यस्तो हुन्थ्यो भने प्राकृतिक प्रकोपलाई रोक्नको लागि निकै धेरै उपायहरु गर्न सकिन्थ्यो तर प्राकृतिक प्रकोपको वास्तविक कारण निकै कम मात्रामा जान्न सकिएको छ । यद्यपि पर्यावरणीय असन्तुलन र पृथ्वीको गर्भमा आन्तरिक हलचलको कारणले अनेक किसिमका प्राकृतिक प्रकोप आउने गरेको अनुमान गरिएको छ । प्राकृतिक प्रकोपका केही कारणहरुमा मानवीय कारणहरु जस्तै आधुनिकीकरण, औद्योगिकीकरण, सहरीकरणलाई पनि मानिएको छ ।प्राकृतिक प्रकोपका मुख्य गरी वातावरण प्रदूषण, जलवायु परिवर्तन जस्ता दुष्परिणाम निस्कन्छन् । प्राकृतिक प्रकोपले मानवीय, भौतिक, पर्यावरणीय तथा सामाजिक क्रियाकलापलाई व्यापक रुपसे प्रभावित पार्दछ भन्ने कुरो हामी नेपालीले राम्ररी बुझेका छौँ ।*

प्राकृतिक प्रकोप किन आउँछ भन्ने विषयमा कुनै ठोस कारण वा एकै किसिमको कारण भन्ने हुँदैन । यदि यस्तो हुन्थ्यो भने प्राकृतिक प्रकोपलाई रोक्नको लागि निकै धेरै उपायहरु गर्न सकिन्थ्यो तर प्राकृतिक प्रकोपको वास्तविक कारण निकै कम मात्रामा जान्न सकिएको छ । यद्यपि पर्यावरणीय असन्तुलन र पृथ्वीको गर्भमा आन्तरिक हलचलको कारणले अनेक किसिमका प्राकृतिक प्रकोप आउने गरेको अनुमान गरिएको छ । प्राकृतिक प्रकोपका केही कारणहरुमा मानवीय कारणहरु जस्तै आधुनिकीकरण, औद्योगिकीकरण, सहरीकरणलाई पनि मानिएको छ ।प्राकृतिक प्रकोपका मुख्य गरी वातावरण प्रदूषण, जलवायु परिवर्तन जस्ता दुष्परिणाम निस्कन्छन् । प्राकृतिक प्रकोपले मानवीय, भौतिक, पर्यावरणीय तथा सामाजिक क्रियाकलापलाई व्यापक रुपसे प्रभावित पार्दछ भन्ने कुरो हामी नेपालीले राम्ररी बुझेका छौँ ।

सबैभन्दा महत्वपूर्ण कुरो जानकारी नै हो, सचेतना नै हो । हामीले प्राकृतिक प्रकोपलाई रोक्न सक्दैनौँ तर यसको क्षतिलाई न्युन गर्न सक्छौँ । क्षतिबाट सम्भव भएसम्म बचाउन सक्छौँ । प्राकृतिक प्रकोपको अवस्थामा पनि कसरी आफूलाई सुरक्षित राख्ने भन्ने विषयमा निरन्तर सामाजिक संजालमा पनि छलफल हुनु परेको छ । पूर्व जानकारी नदिई आउने र कुनै मौसम नहुने प्राकृतिक प्रकोपबाट जोगिनको लागि हर समय सचेतना आवश्यक छ । यसको लागि रेडियो, टेलिभिजन तथा स्थानीय एफएमहरुको सम्बन्धित निकायले प्रयोग गरिरहनु उचित हुन्छ । स्थानीय भाषामा यस्ता सन्देशहरु दिइरहनु पनि मनासिब नै हुन्छ । यसै गरी सामाजिक संजाल पनि प्रभावकारी हुन सक्छ सचेतनाको लागि । नागरिक समाजले यसको लागि ठूलो भूमिका खेल्न सक्छ । नागरिक समाजले औपचारिक तथा अनौपचारिक रुपमा यसबारे बेला मौकामा छलफल चलाइरहनु उचित हुन्छ ।

कतिपय सबालमा विभिन्न महामारीलाई पनि प्राकृतिक प्रकोपको रुपमा लिने गरिएको पाइन्छ । यद्यपि पहिलेको जमाना होइन हो तर पनि कोरोना महामारीले विश्वलाई नै प्रभावित पारेको सत्य हो । कोरोना महामारीलाई प्राकृतिक प्रकोप भन्न सकिन्छ कि सकिँदैन ? यो एउटा प्रश्न होला तर यस प्रकारका विभिन्न महामारीहरु समय समयमा आइरहन्छ । हामी सचेत नागरिकहरुले यसबारे पनि जानकारीहरु बढाइरहनु जरुरी छ तर बाहिरबाट आएका र विभिन्न माध्यमले समाजमा सरिरहेका कतिपय महामारीको बारेमा नागरिक समाजले भन्दा पनि सम्बन्धित निकायले जानकारी गराएपछि तिनलाई अझ विस्तार गर्नु पर्ने हुन्छ । नागरिक समाजले सचेत हुनुपर्ने पक्ष यो हुन्छ कि यदि कुनै प्राकृतिक प्रकोप वा महामारीबाट सचेतनाको लागि कुनै अन्य बेभसाइट वा सामाजिक संजालमा आएका विषयवस्तु छन् भने त्यसको भर पर्नु उचित हुन्न । सम्बन्धित सरकारी निकायबाट आएको आधिकारिक जानकारीलाई मात्र विस्तार गर्नुपर्छ ।

र, महामारी तथा प्राकृतिक प्रकोपको समयमा सम्भव भएसम्म स्थानीय वा केन्द्रीय रेडक्रससित समन्वय गर्नु अझ राम्रो हुन सक्छ । यो पनि सम्भव छ कि रेडक्रस कुनै समयमा सक्रिय नभएको देखियोस् र नागरिक समाजको ताकेताले गर्दा सक्रिय भएको देखियोस् । प्राकृतिक प्रकोपले कसैको हित नगरी सर्वत्र नोक्सानी नै पुऱ्याउने हुनाले यसबाट जोगिनको लागि हरेक मानिस सचेत हुन सकेमा जन धनको क्षति न्युन गर्न सकिन्छ ।

# व्यवसायिक स्वास्थ्य सुरक्षा र नेपालको सन्दर्भ



**रामहरि अधिकारी**

### व्यवसायिक स्वास्थ्य सुरक्षाको शब्दावलीको अर्थ र महत्व

व्यवसायिक स्वास्थ्य सुरक्षा भनेको विभिन्न व्यवसायिक प्रतिष्ठान वा संघ संस्थामा कार्यरत वा निर्माण क्षेत्रमा कार्यरत श्रमिकहरुको स्वास्थ्यलाई उनीहरुको कामको दौरानमा सुरक्षित गर्ने कार्यलाई भनिन्छ। यस अन्तर्गत उद्योग, कल खारखाना, खानी, जलबिद्युत परियोजना ,यातायात, कृषि वा गैह्र कृषि लगायतका हरेक श्रम आबश्यक पर्ने क्षेत्रहरु पर्दछन् ।

विश्वमा कार्यक्षेत्रमा हुने झन्डै ३४ करोड दूर्घटनाबाट वर्षेनी झन्डै १६ करोड मान्छेहरुलाई चोट पटक लाग्छ वा घाईते हुन्छन् भने २३ लाख मान्छेहरुको मृत्यु हुन्छ र कार्यक्षेत्रमा हुने दूर्घटनाहरुको कारण राष्ट्रहरुको कुल गार्हस्त्य उत्पादनमा ४ प्रतिशत क्षति हुन्छ भनेर अन्तराष्ट्रिय श्रम संगठनले भनेको छ। तर नेपालमा भने यतिनै मान्छेको मृत्यू हुन्छ भनेर कुनै आधिकारीक तथ्यांक पाईँदैन। बरु बैदेशिक रोजगार विभागले नेपाल बाहिर काम गर्न गएका कामदारहरुको मृत्यु र चोटपटकको तथ्यांक निकालेको छ। जसअनुसार गत आव २०७८/७९ मा १२४२ नेपालीहरुले विभिन्न देशमा रोजगारीको सिलसिलामा कामसंग सम्बन्धीत कारणले जीबन गुमाए। तथापी अन्तराष्ट्रिय श्रम संगठनले दिएको विश्वभरको तथ्यांकलाई नेपालको जनसंख्याको अनुपातसंग तुलना गर्ने हो भने नेपालमा कामसंग समन्धीत कारणले वर्षेनी १२ लाख दूर्घटना हुने र त्यसमा ५ लाख ८० हजार जना घाईते हुने वा उनीहरुलाई चोटपटक लाग्ने र ८ हजारको मृत्यु भएको हुन सक्ने अनुमान हुन्छ। विश्वकै हिसाबमा नेपाल जस्तो देशमा कुल गाृहर्थ्य उत्पादनमा ४ प्रतिशतकै हाराहारीमा क्षति पुगेको अनुमान गर्न सकिन्छ र त्यो भनेको नेपालको ठूलो हानी हो।

यसरी अनुमान गर्नुपर्नाको कारण नेपालमा दूर्घटना भएपछि त्यो दूर्घटनालाई तथ्यांकिकृत गर्ने र मानिस मरेपछि वा घाईते भएपछी कुन कारण मृत्यू भयो भनेर बिस्तृत रुपमा टिपोट राख्ने प्रचलन नभएकोले गर्दा हो ।

नेपालीहरु बिदेश गएर त्यहाँको ब्यबस्थित कार्य प्रणाली , व्यवसायिक सुरक्षा प्रतिको सचेतता र व्यवसायिक स्वास्थ्य समन्धी कानूनको कडा पालना भएका काम गर्दा त यति धेरै मृत्यु हुन्छ भने भर्खर यस बारेमा छलफल चलाउन थालेको हाम्रो जस्तो देशमा कति मान्छेको मृत्यू होला, अनुमान मात्र गर्न सकिन्छ ।

व्यवसायिक स्वास्थ्य र सुरक्षा लाई जनस्वास्थ्यको यौटा बिधाको रुपमा बुझिन्छ जसको उदेश्य कार्यस्थललाई स्वास्थ्य र सुरक्षाका मापदन्ड अनुसार सुधार गर्नु हो। यसले कामदारहरुको जनसंख्यामा घटित हुने दूर्घटनाहरुबाट सृजित हुने घाउ चोटपटकको चरित्रलाई अध्ययन गर्दछ र कामको समयमा उत्पन्न हुने जोखिमहरुको पहिचान र न्युनिकरण गर्ने विधीहरुबारे उचित पथप्रदर्शन गर्दछ। हरेक व्यवसायमा स्वास्थ्य समन्धी जोखिमहरु रहेका हुन्छन् र कामदारलाई सकेसम्म सुरक्षित तरिकाले काम गराउनु हरेक रोजगारदाताको जिम्मेवारी हो ।

यसलाई सामान्य भाषामा' हरेक श्रमिक जसरी काम गर्न आएको थियो, त्यसरी नै घर फर्कियोस' भन्ने अर्थमा बुझ्न सकिन्छ ।

### नेपालमा व्यवसायिक स्वास्थ्य सुरक्षाको अबधारणाको विकासक्रम

व्यवसायिक स्वास्थ्य सुरक्षा भन्ने अबधारणा प्रचलनमा आएको सन् १९१९ मा अन्तर्राष्ट्रिय श्रम संगठनको स्थापना भएपछि हो। नेपालको सन्दर्भमा भने विसं २०२८ ( सन् १९७१) मा उद्योग मन्त्रालय अन्तर्गत श्रम विभागको स्थापना भएपछि मात्र व्यवसायिक स्वास्थ्यको अवधारणाले प्रवेश गरेको पाईन्छ यसै क्रममा नेपालमा विसं २०३८ (सन् १९८१) सालमा श्रम मन्त्रालयको स्थापना भयो। यसैगरि २०४२ (सन् १९८५) मा बैदेशिक रोजगार ऐन आयो र त्यसपछि श्रम विभागको नाम परिवर्तन गरेर श्रम तथा रोजगार प्रवर्धन विभाग कायम भयो र यसपछि श्रम समन्धी नीतिगत र कानूनी व्यवस्थामा थप फैलावट आयो ।

यसपछि नेपालमा श्रम ऐन २०४८ निर्माण भयो जसले श्रमिकका हक हितका कुरालाई ऐनमा सुनिश्चित गर्ने काम गऱ्यो ।यसैलाई अझै प्रष्ट पारि लागु गर्न विसं २०७५ मा श्रम नियमावली बन्यो। यो भन्दा अगाडी विसं २०७३ मा राष्ट्रिय व्यवसायजन्य सुरक्षा र स्वास्थ्य नीति बनेको थियो। जसले व्यवसायजन्य सुरक्षा र स्वास्थ्य र समन्धमा गरिनुपर्ने कुराहरु ब्यापक रुपमा उल्लेखित गरेको छ। यसैगरी विसं २०६२ मा श्रम तथा रोजगार नीति र विसं २०७१ राष्ट्रिय रोजगार नीति बनेपछि व्यवसायिक स्वास्थ्यको दायरा अझ बिस्तृत बन्न पुगेको छ। र यी नीतिहरुले श्रमिकको स्वास्थ्य सुरक्षाको सुनिश्चितता गर्ने प्रयास गरेका छन् ।

यसै बीचमा विश्वविध्यालयहरुले छुट्टै डिग्रिको रुपमा नभए पनि स्वास्थ्य, जनस्वास्थ्य वा इन्जिनियरिंग वा यस्तै अन्य विषय अन्तर्गत वा अन्य विषयको पाठ्यक्रमको एक अंशको रुपमा आफ्ना विद्यार्थीहरुलाई अध्यापन गराईरहेका छन् र स्नातक वा स्नातकोत्तर वा पिएचडी तहमा शोध पनि गराईरहेका छन्। यस्तै निर्माण वा श्रमिकको क्षेत्रमा काम गर्दै आईरहेका गैरसरकारी वा नीजि संघसंस्थाहरुले पनि विभिन्न कार्यक्रम बनाई लामा वा छोटा अवधिका तालीम वा अभिमुखिकरण कार्यक्रमहरु चलाईरहेका छन्। यस्तै एशियाली विकास बैंक लगायतका संस्थाहरुले पनि आफ्नो सहयोगमा संचालित विकास परियोजनाहरुमा व्यवसायिक स्वास्थ्य सुरक्षाको सुनिश्चिततालाई अनिवार्य गरेका छन् ।

यसरी विभिन्न समयक्रममा भएका यी विकासहरुले व्यवसायिक स्वास्थ्य सुरक्षालाई एउटा कार्यक्षेत्रको वा ज्ञान बिस्तारको लागिमहत्वपूर्ण बिधाको रुपमा स्थापित गराएका छन् ।

### व्यवसायिक स्वास्थ्य सुरक्षाका उदेश्यहरू

१. कामदारहरुको शारीरिक, मानसिक र सामाजिक स्वास्थ्यलाई कायम राख्नु।
२. कार्यक्षेत्रको अवस्थाको कारण कामदारको स्वास्थ्यमा आईपर्ने कठिनाईहरुलाई नियन्त्रण गर्नु।
३. कामदारहरुको शारीरिक र मानसिक आवश्यकताको वातावरणको बारेमा जानकार हुनु।
४. औद्योगिक सुरक्षा र व्यवसायिक चिकित्सा, औद्योगिक सरसफाई, तालीम र शिक्षा, मनोबिज्ञान र यस्तै अन्य समन्धीत कुराहरुद्वारा सृजित समस्याहरुको निराकरण गर्नु ।
५. कार्यक्षेत्रमा हुने दूर्घटनाहरुबाट हुने मानबिय , सामाजिक र आर्थिक क्षतिहरुको न्यूनिकरण गर्नु ।

### व्यवसायिक स्वास्थ्य र सुरक्षाको दायरा

**१. व्यवसायिक सुरक्षा** - यस अन्तर्गत कार्यक्षेत्रमा हुने दूर्घटना र असुरक्षित कार्यअवस्था र कामदारहरुको असुरक्षित तरिकाले काम गर्ने बानिमा सुधार पर्दछ ।

**सुरक्षित तरिकाले काम गर्नु भन्नाले निम्न कुराहरु पर्दछन् ।**

१.१ काम गर्दा शरीरलाई सुरक्षा दिने वा कामको दौरान शरीरका विभिन्न अंगहरु जोगाउने सुरक्षा कवचहरु (पिपिई) जस्तै - टाउको जोगाउन हेल्मेट, आंखा जोगाउन गगल्स, अनुहार छेक्न फेसशिल्ड वा भाईजर, कानको लागि ईयरप्लग वा ईयरमफ, श्वासप्रश्वास प्रणालीलाई बचाउन मास्क ( सामान्य वा विशेष प्रकारको ), हात जोगाउन उचित प्रकारको पञ्जा, शरीर जोगाउन परावर्तनिय (रिफ्लेक्टीभ) सेफ्टीज्याकेट, खुट्टा जोगाउन सेफ्टीबुट र उचाईमा काम गर्न डोरी सहितको सेफ्टी हार्नेस लगाउने ।
१.२ गहिरो खाडलमा काम गर्दा त्यहाँको अक्सिजनको तह परीक्षण गरि आवश्यक अक्सिजन भएमा मात्र काम गर्ने ।
१.३ गहिरो ट्रेन्चहरु खन्दा त्यहाँ बेन्चिंग र स्लोपिंग गर्ने।
१.४ उचाईमा वा स्क्याफोल्डिंगमा काम गर्दा प्लेटफर्म र रेलिंगहरु राखेर मात्र काम गर्ने ।
१.५ काम भैरहेको स्थान वरिपरि हरियो रंगको जालि वा कडा खालको छेकवार प्रयोग गर्ने ।
१.६ कुनै पनि मेशिनको कामको लग शिट तयार गर्ने र त्यसको काम सकिएवपछि वा त्यसले काम गर्न छोडेपछि वा त्यसमा समस्या आएपछि त्यसलाई बन्द गरेर मात्र छोड्ने ।
१.७ परियोजना स्तरमा 'व्यवसायिक सुरक्षा नीति' बनाई लागु गर्ने ।
१.८ सुरक्षाका नियमहरु राम्ररी पालन गर्ने कामदारलाई पुरस्कार र पालना गर्न अटेरी गर्ने कामदारहरुलाई नसिहतको व्यवस्था गर्ने ।
१.९ हरेक कार्यस्थलमा काम सुरु गर्नुअघि र बीच बीचमा हाजार्ड आईडेन्टिफिकेशन तथा रिस्क एसेसमेन्ट गर्ने ।
१.१० हरेक शिफ्टमा काम सुरु गर्नुअघि कामदारहरुलाई त्यो दिनको काम र त्यसमा अपनाउनु पर्ने सुरक्षाको बारेमा जानकारी (टुलबक्स टक) दिने ।
१.११ कामदारहरुले ब्यक्तिगत सुरक्षाका साधनहरु प्रयोग गरे नगरेको नियमित रुपमा अनुगमन गर्ने ।
१.१२ कामदारहरुको व्यवसायिक स्वास्थ्य सुरक्षाको लागि २५ जना भन्दा बढी कामदार भएका परियोजनामा 'कामदार हरुको व्यवसायिक सुरक्षा समिति गठन गरि परिचालन गर्ने ।

**२. व्यवसायिक स्वास्थ्य** - कार्यक्षेत्रमा हुने कामसंग सम्बन्धीत स्वास्थ्य समस्या र बिमारीहरुको उपचार र ति समस्या वा बिरामी गराउने जोखिमहरुको पहिचान गरि तिनिहरुबाट गरिने बचावटका उपायहरु यस अन्तर्गत पर्दछन् ।

यस अन्तर्गत कार्यक्षेत्रमा कार्यरत कामदारको स्वास्थ्य जो गाउनकोलागि निम्न कुराहरुको व्यवस्था गर्नु पर्दछ ।

२.१ कामदारहरुले पिउनको लागि पर्याप्त मात्रामा स्वच्छ पानी उपलब्ध गराउने।
२.२ आवश्यक मात्रामा पर्याप्त पानी र अध्यारो हुन नदिन बत्ती राखिएका अनि नियमित रुपमा सफा राखिएका उचित सम्बातनयुक्त शौचालयहरुको व्यवस्था गर्ने ।
२.३ कार्यस्थलमा दूर्घटना भैहालेमा घाईतेलाई सुताएर उपचार गर्नको लागि म्याट, ब्ल्यांकेट र सिरानी सहितको प्राथमिक उपचार कक्षको व्यवस्था गर्ने ।
२.४ हरेक कार्यस्थलमा पर्याप्त औषधिसहितको प्राथमिक उपचार बाकस, स्ट्रेचर र स्ट्रेचरमा लाग्ने फित्ता सहितको ब्याकबोर्डको व्यवस्था गर्ने ।
२.४ कार्यस्थलमा हुन सक्ने आगलागीको नियन्त्रणकोलागि अग्नि नियन्त्रकको व्यवस्था गर्ने ।
२.५ कार्यस्थलमा दूर्घटना भैहालेमा घाईतेलाई तुरुन्त अस्पताल लैजानको लागि सुबिधायुक्त एम्बुलेन्सको ब्यबस्ता गर्ने ।
२.६ कार्यस्थलमा कुनै दूर्घटना भए प्राथमिक उपचार पश्चात थप उपचारको लागि पठाउननजिकको सुबिधायुक्त अस्पतालसित 'उपचार सम्झयौता' गर्ने ।
२.७ परियोजनामा हरेक १५ जना कामदारको लागि कम्तिमा एकजना तालिम प्राप्त प्राथमिक उपचारकको व्यवस्था गर्ने ।
२.८ बेला बेलामा दूर्घटनाको उचित व्यवस्थापनको लागि काल्पनिक दूर्घटना अभ्यास ( एक्सिडेन्ट ड्रील) को आयोजना गर्ने।
२.९ कुनै पनि दूर्घटना पछि त्यसको कारणको बारेमा छानबिन गर्ने ।
२.१० दूर्घटना निवारणको लागि आबश्यक नीति तथा कार्यक्रम तय गरि लागु गर्ने ।

**३. औद्योगिक सरसफाई**- यस अन्तर्गत निर्माण क्षेत्रमा हुने भौतिक, रासायनिक जैबिक र मानबिय कारणले हुने जोखिम र तिनीहरुबाट न्यूनिकरणको लागि तिनीहरुको पहिचान , मूल्यांकन र नियन्त्रण आदि पर्दछ ।

**औद्योगिक सरसफाईमा निम्न लिखित कुराहरु पर्दछ ।**

३.१ कार्यक्षेत्रमा फोहर व्यवस्थापनको लागि कार्यबिधि वा निर्देशिका बनाएर लागु गर्ने ।
३.२ फरक फरक खालका फोहरकोलागि फरक फरक रंगका फोहर फ्यांक्ने डस्टबिनहरुको व्यवस्था गर्ने ।
३.३ कार्यक्षेत्रको नियमित सफाई गर्ने ।
३.४ सामानहरु राख्ने स्टोरलाई तालाबन्दी गरेर निश्चित ब्यक्तिको जिम्मामा छोड्ने ।
३.५ कामदारहरु क्याम्पलाई निश्चित मापदंड अनुसारको बनाउने ।
३.६ कामदारहरुले खाना बनाउने भान्सामा आबश्यक सफाई गर्ने ।
३.७ कामदारहरुले प्रयोग गर्ने शौचालयमा आबश्यक सम्बातन, बत्ती , पानी र सफाईका साधन राख्ने
३.८ कामदारहरुको आवासबाट निस्केको फोहर पानीलाई निश्चित तरिकाले बिसर्जन गर्ने ।
३.९ कार्यक्षेत्रमा निर्माणका सामाग्रीहरु थुपारेर नराख्ने।
३.१० कामदारहरु सुत्ने ओछ्यान, प्रयोग गर्ने कपडा र खाना खाने भाँडाहरुको नियमित सफाईको व्यवस्था गर्ने।
३.११ कामदारहरु सुत्ने कोठामा उचित दूरीमा उचित उचाईका खाट , सफा ओछ्यान र आबश्यक झुलको व्यवस्था गर्ने ।
१२. कामदारहरु सुत्ने कोठामा मुसा वा अन्य किरा फट्यांग्राहरु छिर्न नसक्ने गरि प्वाल टाल्ने र जालीले छोप्ने ।

### कार्यस्थलमा हुने मुख्य दूर्घटनाहरू

**नेपालको सन्दर्भमा कार्यस्थलमा हुने मुख्य दूर्घटनाहरू यस प्रकार छन् ।**

१. चिप्लिनु, झर्नु, खस्नु।
२. मांशपेशि मर्किनु।
३. झरेका सामाग्रीले ठोकिएर चोट लाग्नु।
४. शरीरका अंगहरुमा दबाब पर्नु।
५. कुनै पनि कडा बस्तुमा ठोकिनु।
६. शरीरका अंगहरु काटिनु वा घसारिनु र ज्यादा रक्तश्राब हुनु ।
७. श्वास प्रश्वासबाट बिषालु ग्याँसहरु शरीर भित्र प्रबेश गर्नु।
८. चर्को आवाजले असर गर्नु।
९. धारिला वा हानिकारक सामानहरुसंग ठोकिनु।
१०. शरीर भित्र जस्तै आँखा, कान, नाक र मुखमा बाह्य बस्तुको प्रबेश हुनु ।
११. कार्यस्थलमा बिभिन्न बिषालु हानिकारक किराहरुले टोक्नु ।
१२. कार्यस्थलमा झैझगडा हुनु ।

### कार्यस्थलमा दूर्घटनाका कारणहरू

१. कार्यस्थलमा असुरक्षित बातावरण हुनु ।
२. सुपरिबेक्षण, अनुगमन र मूल्यांकनअपर्याप्त हुनु।
३. दूर्घटनाहरु अवश्यम्भावि हुन्छन् र यिनलाई घटाउन सकिदैन भन्ने धारणा हुनु।
४. बित्तिय र ब्यबहारिक कारणले सुरक्षालाई कम प्राथमिकतामा राखिनु ।
५. सुरक्षा सम्बन्धी शिक्षा र तालीमको अभाव हुनु।
६. सरकारद्वारा निर्मित सुरक्षा सम्बन्धी नीतिहरुको प्रभावकारी कार्यान्वयनमा कमि हुनु।
७. दूर्घटनाहरुको नियन्त्रणको लागि आबश्यक उपायहरुको प्रयोगमा उदासिनता हुनु।

### दूर्घटनाको निवारणको लागि आवश्यक कार्यहरू

१. सधैँ आफ्नो काम प्रति सजग रहने, गराउने ।
२. सूरक्षा चेतना र शिक्षालाई प्रबर्धन गर्ने ।
३. घाउचोट पटक र मांसपेशिका समस्याहरु प्रति सदा सचेत रहने ।
४. ब्यक्तिगत सुरक्षाका सामाग्रीहरुको अनिवार्य प्रयोग गर्ने गराउने ।
५. कार्यस्थलमा सूचना र संचार प्रभावकारी बनाउने।
६. कार्यस्थलमा उपयुक्त प्रकारका लुगा कपडाको पहिरन गर्ने ।
७. सुरक्षाका जोखिमहरुको नियमित परिक्षण गरिरहने।
८. दूर्घटना र जोखिमहरु घटाउने योजना तयार गर्ने।
९. दूर्घटना र जोखिमहरु न्युनिकरण गर्ने नीति र योजना तयार गरि लागु गर्ने।
१०. कामदारहरुलाई आबश्यक पर्दा मनोबैज्ञानिक परामर्श प्रदान गर्ने।
११. हरेक रोजगारदाताहरुलाई व्यवसायिक सुरक्षाकालागि आबश्यक अव यबहरु तयार गर्न प्रेरित गर्ने वा गर्न लगाउने।
१२. व्यवसायिक स्वास्थ्य सुरक्षाकालागि आबश्यक तालिम जस्ता जनशक्ति बिकासका कार्यक्रम चलाउने।
१३. व्यवसायिक स्वास्थ्य सुरक्षाका लागि आबश्यक नियमन र अनुगमन प्रणालिको बिकास गरि लागु गर्ने।

### व्यवसायिक स्वास्थ्य सुरक्षा र प्रबर्धनको लागि गर्नु पर्ने नीतिगत कार्यहरू

व्यवसायिक स्वास्थ्यमा ध्यान पुग्न नसक्दाहाम्रो राष्ट्य उत्पादकत्वमा क्षति पुग्ने र उपचार तथा क्षतिपुर्तिमा ठूलो रकम खर्च हुने हुँदा यसको न्यूनिकरणकोलागिनीतिगत व्यवस्था हुन जरुरी छ ।

**यसमा निम्न कुराहरू गर्न आबश्यक छ ।**

१. हरेक प्रतिष्ठान र निर्माण क्षेत्रमा ब्यबसायिक स्वास्थ्य सुरक्षा नीति बनाई लागु गर्ने गराउने।
२. हरेक प्रतिष्ठानमा श्रम ऐन लागु गर्न बाध्यकारी व्यवस्था गर्ने ।
३. हरेक प्रदेशमा 'श्रम तालिम केन्द्र' र 'परामर्श केन्द्रको' स्थापना गर्ने।
४. फरक फरक खालका प्रतिष्ठान र फरक फरक खालका कामदारको लागि फरक फरक खालका निर्देशिका र कार्यविधि तय गर्ने।
५. हरेक प्रतिष्ठानलाई आफ्ना कामदारको बिमा गर्न बाध्यकारी व्यवस्था गर्ने।
६. हरेक कामदारलाई काम शुरु गर्नु अघि सम्बन्धित कामको बारेमा आधारभूत तालिम दिन अनिवार्य गर्ने।
७. हरेक प्रतिष्ठानमा काम गर्ने कामदारको नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था गराउने।
८. अरेक प्रतिष्ठानहरुमा नियमित अनुगमन गर्ने गराउने।
९. नेपालको लागि आफ्नै 'राष्ट्रिय व्यवसायिक सुरक्षा सम्बन्धी सर्भेक्षण' गर्ने।
१०. नेपालमा भैरहेका व्यवसायिक घटना र दूर्घटनाहरुको लागि यौटा अलग्गै सूचना प्रणालीको बिकास गर्ने।
११. हरेक प्रदेश र स्थानीय तहमा व्यवसायिक स्वास्थ्य सूरक्षा सम्बन्धी जागरण ल्याउने कार्यक्रमहरु संचालन गर्ने ।

(लेखक व्यवसायिक स्वास्थ्य सुरक्षा विज्ञ हुन्।)

# प्रत्यक्षतर्फ ५७ राजनीतिक दलको उम्मेदवारी

काठमाण्डु। आगामी मंसिर ४ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि प्रत्यक्षतर्फ ५७ राजनीतिक दलले उम्मेदवारी दर्ता गराएका छन् । ती दलले एक हजार चार सय ३३ पुरुष र एक सय ५० महिला उम्मेदवार उठाएका छन् ।

निर्वाचन आयोगले सार्वजनिक गरेको तथ्याङ्क अनुसार आठ सय ५८ पुरुष र ८५ महिला गरी नौ सय ४३ जनाले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । प्रतिनिधि सभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने प्रणाली (प्रत्यक्ष) तर्फ दुई हजार दुई सय ९१ पुरुष र दुई सय ३५ महिला गरी दुई हजार पाँच सय २६ को उम्मेदवारी परेको छ।

प्रत्यक्षतर्फ प्रदेश नं १ मा पाँच सय ४८ जनाले उम्मेदवारी दिएका छन्। चार सय ९३ पुरुष र ५५ महिलाले उम्मेदवारी दिएको निर्वाचन आयोगले जनाएको छ। प्रदेश एकमा ३० दल र स्वतन्त्रले उम्मेदवारी दिएको जनाइएको छ। मधेश प्रदेशमा प्रत्यक्षतर्फ एक हजार ५५ जनाको उम्मेदवारी परेको छ। नौ सय ७८ पुरुष, ७६ महिला र अन्यमा एक जनाले उम्मेदवारी दिएका छन् । मधेश प्रदेशमा ३७ दल र स्वतन्त्रले उम्मेद्वारी दिएका छन् ।

वाग्मती प्रदेशमा ३२ दल र स्वतन्त्रले गरी प्रत्यक्षतर्फ सात सय एक जनाको उम्मेदवारी परेको छ । जसमा पुरुष छ सय १९ र महिला ८२ छन् । गण्डकी प्रदेशमा २३ दल र स्वतन्त्र गरी प्रत्यक्षतर्फ दुई सय ७१ जनाको उम्मेदवारी परेको छ । जसमा पुरुष दुई सय ३७ र महिला ३४ जना छन् । लुम्बिनी प्रदेशमा प्रत्यक्षतर्फ २५ राजनीतिक दल र स्वतन्त्र गरी पाँच सय ३२ जनाको उम्मेदवारी परेको छ। उम्मेदवारी दिनेमा पाँच सय पुरुष र ३२ महिला छन् । कर्णाली प्रदेशमा प्रत्यक्षतर्फ १६ राजनीतिक दल र स्वतन्त्र गरी एक सय ४३ जनाको उम्मेदवारी परेको छ। जसमा एक सय ३९ पुरुष र चार महिलाको उम्मेदवारी रहेको आयोगले जनाएको छ।

यसैगरी सुदूरपश्चिम प्रदेशमा प्रत्यक्षतर्फ २० राजनीतिक दल र स्वतन्त्र गरी दुई सय २६ जनाको उम्मेदवारी परेको छ । जसमा दुई सय १२ पुरुष र १४ महिलाको उम्मेदवारी परेको जनाइएको छ। यो तथ्याङ्क सोमबार साँझसम्म आयोगको प्रणालीमा प्रविष्ट भएका आधारमा सार्वजनिक गरिएको आयोगले जनाएको छ ।रासस

> *प्रतिनिधि सभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने प्रणाली (प्रत्यक्ष) तर्फ दुई हजार दुई सय ९१ पुरुष र दुई सय ३५ महिला गरी दुई हजार पाँच सय २६ को उम्मेदवारी परेको छ।*

## बागी उम्मेदवारी फिर्ता गर्न निर्देशन

काठमाण्डु। सत्ता गठबन्धनले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा आधिकारिक उम्मेदवारका विरुद्ध बागी उम्मेदवारी दिएकालाई तोकिएको समय अवधिभित्रै उम्मेदवारी फिर्ता गर्न निर्देशन दिएको छ।

गठबन्धनका शीर्ष नेताहरुको मंगलबार बसेको बैठकले यही असोज २६ गते दिउँसो १ बजेभित्र बागी उम्मेदवारले उम्मेदवारी फिर्ता नलिए सम्बन्धित पार्टीले निष्कासन गर्ने निर्णय गरेको हो।

बैठकपछि प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माआवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल र राष्ट्रिय जनमोर्चा पार्टीका अध्यक्ष चित्रबहादुर केसीद्वारा हस्ताक्षर गरिएको विज्ञप्तिमा उक्त विषय उल्लेख छ ।रासस

# ‘सहजरूपमा लगानी गर्नसक्ने वातावरण बनाउन सरकार प्रतिबद्ध छ’



काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवाले गैरआवासीय नेपालीहरूले सहज रूपमा लगानी गर्नसक्ने र लगानीको प्रतिफल उपभोग गर्नसक्ने वातावरण निर्माण गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ। गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) दिवसको अवसरमा सङ्घद्वारा मंगलबार आयोजित कार्यक्रममा उहाँले गैरआवासीय नेपालीको लगानीलाई मुलुकको विकास र नवनिर्माणमा उपयोग गर्न सरकारले विभिन्न नीतिगत तथा कानूनी सुधार गरी सहजीकरण गर्दै आइरहेको जानकारी गराउनुभयो।

विश्वभर छरिएर रहेका नेपालीको हक, हित र अधिकारको संरक्षण र सम्बर्द्धनका लागि स्थापित सङ्घ विदेशमा रहेका नेपालीको साझा चौतारी हो। सङ्घले स्थापनाकालदेखि नै विश्वका विभिन्न मुलुकमा विभिन्न पेसा, इलम, व्यवसाय गरेर बसिरहेका नेपालीबीच एकता, सद्भाव र पारस्परिक सहयोग अभिवृद्धिका साथै विदेशमा बसेका नेपालीहरूको पूँजी, प्रविधि र उद्यमशीलतालाई मुलुकको विकास निर्माणमा उपयोग र परिचालन गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

प्रधानमन्त्री देउवाले भन्नुभयो, “नेपालको विकास र समृद्धिको अभियानमा एनआरएनएको सहयोग र सद्भाव निरन्तर जारी रहने कुरामा विश्वास व्यक्त गर्दछु। गैर आवासीय नेपाली सङ्घले विदेशमा नेपाली भाषा, संस्कृति, परम्परा, कलाकृति र साहित्यको प्रचारप्रसार गरी नेपालको मौलिक संस्कृति र सभ्यतालाई विश्वभर फैलाउन सहयोगात्मक भूमिका निभाउँदै आएको छ। यसलाई आगामी दिनमा पनि निरन्तरता दिँदै विदेशी भूमिमा नेपाली संस्कृतिलाई प्रवर्द्धन गर्न सङ्घले आफ्ना क्रियाकलापलाई सशक्त रूपमा अघि बढाउनेछ भन्ने विश्वास लिएको छु।”

विश्वभर छरिएर रहेका नेपालीहरूले विदेशमा नेपालको पहिचान र गरिमा बढाउनुका साथै विभिन्न पेसा, व्यवसायमा संलग्न रही सम्बन्धित देशको विकास निर्माणमासमेत योगदान पुऱ्याएका छन्।

उहँले विदेशमा आर्जन गरेको पूँजी, प्राविधिक तथा व्यवस्थापकीय ज्ञान, सीप र कौशललाई मुलुकको समृद्धिमा सहभागी हुन संस्थामा आवद्ध सबै गैर आवासीय नेपालीलाई अपिल गर्नुभयो । सङ्घले २०७२ सालको भूकम्पको बेलामा भूकम्प प्रभावितलाई उद्धार गरी राहत प्रदान गर्नेदेखि भूकम्पबाट घरबास गुमाएकाका लागि आवास गृह निर्माण गर्न समेत योगदान पुऱ्याएको छ । साथै, सङ्घले कोभिड-१९ को महामारीको बेला गरेको मानवीय सहयोग प्रसंशनीय छ।

प्रधानमन्त्री देउवाले संसारभरि छरिएर रहनुभएका हरेक नेपालीहरू नेपालका गैरआवासीय दूतहरू भएको बताउँदै विदेशमा नेपालको पहिचान दिलाउन र विदेशी लगानीकर्तालाई नेपालमा लगानी गर्न उत्प्रेरित गर्न महत्वपूर्ण भूमिका खेल्न आग्रह गर्नुभयो । “गैरआवासीय नेपाली समुदायले विदेशमा नेपालमा उत्पादित वस्तुको उपभोगलाई प्राथमिकता दिनसके यसबाट स्वदेशी उत्पादनको निकासी प्रवर्द्धन गर्न सहयोग पुग्ने हुन्छ।

यसबाट नेपाली श्रम, सीप र कच्चापदार्थमा आधारित साना तथा मझौला उद्योगधन्दाको संरक्षणमा समेत टेवा पुग्छ । गैर आवासीय नेपालीले आफूले विदेशमा आर्जन गरेको आयलाई नेपालमा विभिन्न उत्पादनमूलक क्षेत्रमा लगानी गर्न जोड दिनुका साथै सम्बन्धित देशमा रहेका नेपाली राजदूतावाससँग समन्वय र सहकार्य गरी विदेशी लगानीकर्ताको पूँजी र प्रविधिलाई नेपालमा भित्र्याउनसमेत अग्रसरता लिन आवश्यक छ”, उहाँले भन्नुभयो।

उहाँले सङ्घको अनुरोध बमोजिम यस आर्थिक वर्षको बजेट वक्तव्यमा नेपाल सरकारले विदेशी लगानीको न्यूनतम् सीमा रु पाँच करोडबाट घटाएर रु दुई करोड कायम गरेको जानकारी गराउनुभयो।

त्यस्तै रु १० करोड सम्मको वैदेशिक लगानीको स्वीकृति स्वचालित प्रणालीबाट हुने व्यवस्था मिलाइने उल्लेख छ।

यसैगरी धितोपत्रको दोस्रो बजारमा गैरआवासीय नेपालीको लगानी खुला गर्न कानुनी व्यवस्था मिलाइने कुरा समेटिएको उहाँले बताउनुभयो । सरकारले वैदेशिक रोजगारीमा गएका नेपालीलाई धितोपत्रको प्राथमिक निष्कासनमा १० प्रतिशत शेयर आरक्षित गर्ने व्यवस्था पनि गरिएको छ । यसबाट गैर-आवासीय नेपालीलाई नेपालमा विभिन्न माध्यमले लगानी गर्न उत्प्रेरित गर्ने अपेक्षा लिइएको छ।

प्रधानमन्त्री देउवाले गैर आवासीय नेपालीको नेपाल आवागमनमा सहजीकरणदेखि लिएर लगानी र सम्पत्तिको संरक्षण गर्नेसम्मका काममा सरकारले आफ्नो तर्फबाट आवश्यक सहयोग उपलब्ध गराउँदै आएको उल्लेख गर्दै सङ्घले लामो समयदेखि उठाउँदै आएको नागरिकतासम्बन्धी सवाललाई पनि निकट भविष्यमा नागरिकतासम्बन्धी ऐनमा संशोधन गरेर समाधान गरिने बताउनुभयो।

उहाँले संसारभर फैलिएर रहेका प्रवासी नेपालीलाई आफूसँग रहेको रहेको सीप, पूँजी र अनुभव नेपालको विकासमा लगाउन आह्वान गर्दै नेपाललाई समृद्ध र समुन्नत मुलुक बनाउने अभियानमा आ-आफ्नो स्थानबाट योगदान पुऱ्याउन आह्वान गर्नुभयो ।रासस

# गैरआवासीय नेपालीलाई नागरिकता दिलाउन सरकार प्रतिबद्ध छ : गृहमन्त्री खाण



काठमाण्डु। गृहमन्त्री बालकृष्ण खाणले गैरआवासीय नेपालीलाई नेपालको संविधानअनुसार नागरिकता दिलाउन वर्तमान सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) दिवसका अवसरमा सङ्घद्वारा मंगलबार आयोजित कार्यक्रममा उहाँले सरकारले नागरिकतासम्बन्धी विधेयक अघि बढाई दुवै सदनबाट दुई पटक पारित हुँदा पनि राष्ट्रपतिबाट प्रमाणीकरण हुन नसकेको जानकारी गराउनुभयो।

मन्त्री खाणले नागरिकता विधेयक सबै दलको सहमतिमा कुनै पनि नेपाली नागरिक नागरिकताविहीन हुन नपरोस् र गैरआवासीय नेपालीले पनि संविधानअनुसार नागरिकता प्राप्त गरुन् भन्ने उद्देश्यले सरकारले ल्याएको स्पष्ट पार्नुभयो।

सो अवसरमा उहाँले गैरआवासीय नेपालीलाई विदेशमा आर्जन गरेको सीप, लगानी र पुँजी नेपालमा भित्र्याउनका लागि आह्वान गर्दै त्यसको सुरक्षा सरकरले गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। कार्यक्रममा परराष्ट्र सचिव भरतराज पौड्यालले सङ्घलाई सरकारले महत्वका साथ आत्मसात् गरेको उल्लेख गर्दै सरकारले नीति तथा कार्यक्रममा सङ्घसँगको सहकार्य र सङ्घको योगदानलाई परिचालन गर्ने उद्देश्य राखेको जानकारी गराउनुभयो।

उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्र ढकालले गैरआवासीय नेपालीले आफ्नो ज्ञान, सीप र पुँजी नेपालमा भित्र्याएर निजी क्षेत्रसँग गरेको सहकार्य प्रशंसनीय छ भन्नुभयो। सङ्घका कार्यकारी अध्यक्ष रविना थापाले विदेशमा बस्ने नेपालीका मर्म बुझेर सङ्घको स्थापना भएको बताउँदै यसले अप्ठ्यारो परेका बेला नेपाल र नेपालीलाई महत्वपूर्ण सहयोग र योगदान गर्दै आएको उल्लेख गर्नुभयो।

सङ्घका अध्यक्ष कूल आचार्यले वर्तमान सरकारले गैरआवासीय नेपालीलाई नागरिकता दिलाउन गरेको कार्यको प्रशंसा गर्दै थप लगानीमैत्री कानून निर्माणका लागि आग्रह गर्नुभयो । अर्का अध्यक्ष डा बद्री केसीलआगामी निर्वाचनदेखि गैरआवासीयनेपालीलाई आम निर्वाचनमा मतदान गर्ने व्यवस्था कार्यान्वयन गर्न माग गर्नुभयो।

सङ्घका संस्थापक अध्यक्ष डा उपेन्द्र महतोले मुलुक समृद्ध नभई व्यक्तिगत सफलताले मात्र साध्य नहुने उल्लेख गर्दै यस उद्देश्यलाई परिपूर्ति गर्ने भावनाका साथ अघि बढ्न सम्पूर्ण गैरआवासीय नेपालीलाई आग्रह गर्नुभयो । कार्यक्रममा पूर्व अध्यक्षद्वय जिवा लामिछाने र भवन भट्ट, संस्थापक महासचिव भीम उदासलगायतले सङ्घले गरेका सामाजिक कामकारवाहीका बारेमा जानकारी गराउँदै सरकारले सङ्घलाई थप महत्वका साथ लिनुपर्ने धारणा व्यक्त गर्नुभएको थियो । विश्वभर छरिएर रहेका नेपालीको हकहित र अधिकारको संरक्षण र संवर्द्धनका लागि स्थापित सङ्घ विदेशमा रहेका नेपालीको साझा चौतारी हो।

सङ्घले स्थापनाकालदेखि नै विश्वका विभिन्न मुलुकमा विभिन्न पेशा, इलम, व्यवसाय गरेर बसिरहेका नेपालीबीच एकता, सद्भाव र पारस्परिक सहयोग अभिवृद्धिका साथै विदेशमा बसेका नेपालीको पुँजी, प्रविधि र उद्यमशीलतालाई मुलुकको विकास निर्माणमा उपयोग र परिचालन गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।रासस

# मकवानपुरमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका ६९ उम्मेदवार

बागमती। यही मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनअन्तर्गत मकवानपुरमा प्रतिनिधिसभा सदस्यका लागि २६ तथा प्रदेशसभा सदस्य पदका लागि ४३ गरी कूल ६९ जनाले उम्मेदवारी दर्ता गराउनुभएको छ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय हेटौँडाका अनुसार प्रतिनिधिसभातर्फ दुई निर्वाचन क्षेत्र र




प्रदेशसभातर्फ चार निर्वाचन क्षेत्र रहेको मकवानपुरमा दुवैतर्फ उम्मेदवारी दर्ता भएको छ। प्रदेशसभातर्फ निर्वाचन क्षेत्र नं १ को (क) मा १० जना र (ख) मा १५ जनाले उम्मेदवारी दर्ता गराएको छन् भने प्रदेश निर्वाचन क्षेत्र नं २ को (क) मा आठ र (ख) मा १० जनाले उम्मेदवारी दर्ता गराएका छन्।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार मकवानपुर निर्वाचन क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यमा दुई स्वतन्त्रसहित १६ विभिन्न राजनीतिक दलका उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन् । त्यस्तै मकवानपुर क्षेत्र नं २ बाट एक स्वतन्त्रसहित १० विभिन्न राजनीतिक दलले उम्मेदवारी दर्ता गराएको सो कार्यालयले जनाएको छ । मकवानपुर निर्वाचन क्षेत्र नं १ बाट प्रत्यक्षतर्फ निर्वाचनमा लड्नका लागि सत्ता गठबन्धनबाट नेपाली कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिना, एमालेको समर्थनमा सूर्य चिन्हबाट राप्रपा नेपालका अध्यक्ष कमल थापा र राप्रपाका केन्द्रीय सदस्य दीपकबहादुर सिंहले उम्मेदवारी दिनुभएको छ।

सोही निर्वाचन क्षेत्रका उम्मेदवारमा राष्ट्रिय स्वतन्त्र पार्टीबाट सङ्गीन क्षेत्री, नेपाली कांग्रेस (बिपी)बाट सुरेन्द्र भट्टराई, मङ्गोल नेशनल अर्गनाइजेशनका युवराज लामा, सचेत नेपाली पार्टीबाट पञ्चलाल तामाङ, मालेबाट कृष्णप्रसाद दाहाल, स्वतन्त्रबाट सुभास पौडेल तथा आइतराम तामाङ, लोतान्त्रिक समाजवादी पार्टीबाट रुपक लामा, नेमकिपाबाट शान्तलाल भैल, हाम्रो नेपाली पार्टीबाट दिपेन्द्र चन्द ठकुरी र जनता समाजवादी पार्टीबाट मनबहादुर दाहालले उम्मेदवारी दर्ता गराउनुभएको छ।

त्यस्तै मकवानपुर क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा सता गठबन्धनबाट एकीकृत समाजवादीका विरोध खतिवडा र नेकपा एमालेबाट महेश वर्तौलाले, नेपाल मजदुर किसान पार्टीबाट रत्नप्रसाद प्रजापति, राप्रपाबाट राजन नेपाल, मङ्गोल नेशनल अर्गनाइजेशनबाट जीवन स्याङ्तान, राष्ट्रिय स्वतन्त्र पार्टीबाट भरत पराजुली, सचेत नेपाली पार्टीबाट कुलेन्द्रदीपविक्रम न्यौपाने, मालेबाट उद्धवप्रसाद अधिकारी, नेकपा नेशनलिष्ट पिप्लस पार्टीबाट तुलाबहादुर लामा र स्वतन्त्रबाट प्रदीप कालाखेतीले उम्मेदवारी दर्ता गराएको कार्यालयका मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले जानकारी दिनुभएको छ ।रासस

# ग्रीन हाइड्रोजन उत्पादनमा लगानी गर्दै पूर्व अध्यक्ष घले

काठमाण्डु। गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)का पूर्व अध्यक्ष शेष घलेको कम्पनीले नेपालमा ग्रीन हाइड्रोजनमा लगानी गर्ने भएको छ। सोमबारदेखि राजधानीमा जारी ‘नेपाल ग्रीन हाइड्रोजन समिट-२०२२’ को प्रमुख आयोजकसमेत रहेको घलेको एमआइटी ग्रुपले ग्रीन हाइड्रोजनमा लगानीका लागि तयारी गरेको हो।

कार्यक्रम स्थलमा रासससँग मंगलबार कुराकानी गर्दै व्यवसायी घलेले ऊर्जाको वैकल्पिक स्रोतको रुपमा हाइड्रोजनको प्रयोग संसारभर नै भइरहेको सन्दर्भमा आफूहरूले यसमा लगानी गर्न लागेको जानकारी दिनुभयो।

उहाँका अनुसार लगानीका लागि हाल प्रारम्भिक चरणको काम भइरहेको छ । काठमाडौँको दरबारमार्गमा होटल शेराटन निर्माण गरिरहेको घलेको एमआइटी समूहले ऊर्जाका वैकल्पिक स्रोतका रुपमा प्रयोग हुन थालेको हाइड्रोजनका लगानी गर्नका लागि तत्काल नीतिगत अभाव भए पनि क्रमशः त्यसको परिपूर्ति हुने बताउनुभयो।

संसारका दुई अर्ब मानिसका मानिसको स्रोतका रुपमा रहेको हिमाल पग्लन थालेको, हिमनदीमा त्यस्तै समस्या देखिएको भन्दै उहाँले सामाजिक दायित्वका साथ आफूहरू यस क्षेत्रमा लगानीका लागि आतुर रहेको बताउनुभयो।

पछिल्ला दुई वर्ष कोरोनाका कारण संसारभर नै लकडाउनमा परेको बेला आफू र आफ्नो समूहले ऊर्जाको वैकल्पिक स्रोतमा लगानी गर्ने सोचको विकास गरेको जानकारी दिँदै व्यवसायी घलेले भन्नुभयो,‘‘नेपाल ग्रीन हाइड्रोजनको हब बन्न सक्छ। त्यसका लागि आजैदेखि हामी सबैले पहल गरौँ।’



नेपालमा क्रमशः ऊर्जाको उपलब्धतामा बृद्धि हुँदै गएको छ । औपचारिक रूपमा जलविद्युत् आयोजनाको कूल जडित क्षमता दुई हजार तीन सय मेगावाट बराबर पुगेको छ । वर्षायाममा भारतलाई तीन सय ६४ मेगावाट बिजुली बिक्री गरिएको भएपछि पछिल्ला दिनमा चाडवाडको समयमा झण्डै पाँच सय मेगावाट बराबरको बिजुली खेर गएको छ।

बिजुलीको प्रयोग गरेर नेपालमा उपलब्ध हुने स्वच्छ पानीबाट ग्रीन हाइड्रोजन उत्पादन गर्ने र त्यसलाई वैकल्पिक ऊर्जाको रुपमा विश्व बजारमा बिक्री गर्ने योजनाका साथ आफूहरू यसमा लागिपरेको उहाँको भनाइ छ । हाल अध्ययनको क्रममा नै रहेको उल्लेख गर्दै उहाँले हाइड्रोजनका अलावा एमोनिया र यूरिया पनि उत्पादन गर्न सकिने बताउनुभयो।

कूल ऊर्जाका हिसाबले हाइड्रोजन उपयुक्त रहेको जानकारी आफूले विज्ञबाट पनि पाएको उहाँको भनाइ छ। नेपालका हिम श्रृ‍ंखलाहरू विश्वव्यापी जलवायु परिवर्तनको उच्च जोखिममा छन्। त्यहाँका हिमाल र हिमतालको हिउँ नै कोशी, गण्डकी, कर्णालीलगायत अन्य नदीको मुहान हुन् । यी नदीहरू नै गंगा नदीको तटमा बसोबास गरिरहेका ५० करोडभन्दा बढी मानिसले पिउने पानीको स्रोत बनिरहेको तर जलवायु परिवर्तनको असर स्वरुप निम्तिएको तापक्रम वृद्धिलगायत अन्य लक्षणका पहिलो प्रहार तिनै हिमालको हिउँ र हिमतालमाथि भइरहेको छ।

गत वर्ष कोप-२६ मा सहभागी भएको नेपालले सन् २०४५ सम्ममा कार्बन तटस्थ बन्ने प्रतिबद्धता जनाएको छ । जलवायु परिवर्तनका कारण बढ्दो जोखिम, विश्वव्यापी रुपमा कार्बन उत्सर्जन कम गर्नुपर्ने आवश्यकताजस्ता विविध समस्यामाथि नेपालले नेतृत्व गरेर समाधान दिन सक्ने अवसर पनि हाइड्रोजनबाट नै देखिन्छ। कार्बनडाइ अक्साइड तथा कार्बन मोनो अक्साइडजस्ता विशालु ग्यासको उत्सर्जन घटाउन पनि स्वच्छ ऊर्जाको प्रयोग बढाउनुपर्ने आवश्यकता छ। नेपालले सक्रिय रुपमा पर्यावरणीय समस्याको दीर्घकालीन समाधानका लागि नवीनतम उपाय पत्ता लगाउन सक्ने जानकारी दिँदै व्यवसायी घलेले सरकारबाट सक्रिय सहयोगको अपेक्षासमेत गर्नुभएको छ।

हाइड्रोजनबाट एमोनिया हुँदै रासायनिक मल कारखाना खोल्ने गरी ‘पाइलट प्रोजेक्ट’ निर्माण गर्ने निष्कर्षमा सरकार समेत पुगेको छ । तर, घले अब पाइलट प्रोजेक्टको जरुरी नरहेको बताउनुहुन्छ । विश्व बैंक, एशियाली बैंकजस्ता बहुपक्षीय दातृ निकायको सहयोगमा नेपालमा छिट्टै ग्रीन हाइड्रोजन उत्पादनको काम शुरु गर्नुपर्ने उहाँको भनाइ छ।

एक अध्ययनअनुसार आवश्यक नीतिगत व्यवस्था र अन्य पूर्वसर्त पूरा गर्ने हो भने नेपालमा तीन वर्षभित्रै वार्षिक दुई लाख मेट्रिक टन उत्पादन गर्न सम्भव रहेको काठमाडौं विश्व विद्यालयका सहप्राध्यापक विराज सिंह थापाको भनाइ छ।

वातावरणको संरक्षण र प्रवर्द्धनका दृष्टिले हाइड्रोजनको खपत यातायात र औद्योगिक क्षेत्रमा गराउन सक्दा जीवाश्म इन्धनको निर्भरतालाई कम गर्न सकिन्छ । अध्ययनहरूले ठूला पानी जहाज, लरी ट्रकहरू हाइड्रोजन मार्फत सञ्चालन गर्दा आर्थिक र वातावरणीय हिसाबले अत्यन्तै लाभदायी हुने निष्कर्ष निकालिसकेका छन् । युरोपेली मुलुकमा त्यस्ता बस तथा ट्रकको निर्माण शुरु भइसकेको छ।

विद्युत्को प्रयोग गरी पानीको विद्युतीय विच्छेदन (इलेक्ट्रोलाइसिस) बाट उत्पादित हरित हाइड्रोजनलाई ‘केमिकल फिडस्टक’को रुपमा रासायनिक मल उद्योग, स्टील उद्योग, यातायातमा प्रयोग गर्न सकिन्छ। तर ग्रीन हाइड्रोजनको उत्पादनलागत ग्रीन हाइड्रोजनको तुलनामा धेरै छ। हरित हाइड्रोजनको उत्पादन लागत प्रतिकेजी पाँच दशमबल पाँच अमेरिकी डलर रहेको छ भने ग्रीन हाइड्रोजनको उत्पादन लागत दुई अमेरिकी डलर रहेको छ। उत्पादनलागत घटाउन विद्युतीय विच्छेदनमा लागेको लागत र नवीकरणीय ऊर्जा उत्पादनमा लाग्ने लागत कम गर्नुपर्छ।

अध्ययनअनुसार इलेक्ट्रोलाइजरको लागत एक हजार अमेरिकी डलर बराबर छ । कोभिड-१९का कारण सिर्जित माग आपूर्तिबीचको असन्तुलन र रुस-युक्रेन युद्धका कारण इन्धनको मूल्य आकासिएको सन्दर्भमा लगानीको उपयुक्त विकल्पका रुपमा हाइड्रोजन नै रहेको व्यवसायी घलेको भनाइ छ।

नेपाल जलसम्पदाले भरिपूर्ण भएका कारण पनि जल विद्युत् उत्पादनको सम्भावना उच्च छ । जलविद्युत् उत्पादन बढ्दै गर्दा अरु देशको तुलनामा हरित हाइड्रोजन उत्पादन गर्दा उत्पादनलागत कम हुनेछ । काठमाडौँ विश्वविद्यालयको हाइड्रोजन ल्याबले गरेको अध्ययनअनुसार नेपालमा बढी भएको जलविद्युत् हरित हाइड्रोजन उत्पादनमा प्रयोग गर्ने हो भने उत्पादन खर्च दुई अमेरिकी डलरभन्दा कम पर्ने देखिन्छ।

हाइड्रोजन अर्थतन्त्रको उदय हुँदै गर्दा नेपाल त्यसको हब बन्न सक्ने भएकाले विदेशी लगानीकर्ताको चासो समेत बढेको व्यवसायी घलेको भनाइ छ। उहाँले भारतको अडानी समूहले पनि ग्रीन हाइड्रोजनमा लगानी गर्न खोजेको र सो समूहसँग पनि सहकार्य हुन सक्ने जानकारी दिनुभयो। रासस

# गण्डकीका सबै जिल्लामा तयारी पूरा

गण्डकी । नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको असोज २८ गते औपचारिक रुपमा उद्घाटन हुने भनिए पनि प्रतियोगिता अन्तर्गत केही खेल भने सुरु भइसकेका छन् । खेल अन्तर्गत पुरुष क्रिकेट सम्पन्न भइसकेको छ, भने महिला क्रिकेट आयोजनास्थल पोखरामा असोज २३ गतेदेखि सुरु भएको छ । प्रतियोगिताकै महिला तथा पुरुषतर्फको ह्यान्डबल र फेन्सिङ सोमबारबाट सुरु भएको छ ।

प्रतियोगिताका लागि आएका खेलाडीको चहलपहलले यतिखेर पर्यटकीय नगरी पोखरा खेलमय बनेको छ । कूल ३६ खेलमा प्रतिस्पर्धा हुने राष्ट्रिय खेलकुदमा क्यानोनिङ र छेलोको प्रदर्शनी खेल समेत हुने जनाइएको छ । प्रतियोगिता हुने खेलमध्ये अधिकांश पोखरामा नै हुनेछन् भने अन्य गण्डकी प्रदेशका लमजुङ, मनाङ र मुस्ताङ बाहेकका सबै जिल्लामा हुनेछन् । विसं २०३८ देखि सुरु राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत २०४० मा दोस्रो राष्ट्रिय खेलकद सम्पन्न गरेको पोखराले चार दशक पछि घरेलु मैदानमा खेल गराउने सौभाग्य पाएको हो ।

आठ हजार खेलाडीसहित अफिसियल, प्रशिक्षकसमेत गरी करिब १० हजार व्यक्ति सहभागी हुने प्रतियोगिता आगामी असोज २८ गते राष्ट्रपति विद्यादेवी भण्डारीले समुद्घाटन गर्ने कार्यक्रम रहेको छ । कात्तिक ३ गतेसम्म सञ्चालन हुने प्रतियोगिताका लागि कास्कीसहित तनहुँ, स्याङ्जा, पर्वत, गोरखा, नवलपुर, म्याग्दी र बाग्लुङमा खेलस्थल तोकिएको खेलमैदान व्यवस्थापन उपसमितिका संयोजक एवम् राष्ट्रिय खेलकुद परिषद्का सदस्य राजेश गुरुङले जानकारी दिनुभयो ।

गण्डकीका सबै जिल्लामा राष्ट्रिय खेलकुदअन्तर्गत कम्तीमा एक खेल खेलाउने भनिए पनि पूर्वाधार लगायतका कारण लमजुङ, मनाङ र मुस्ताङमा भने यस पटक कुनैपनि प्रतियोगिता हुनेछैनन् । सात वटा प्रदेशसहित नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी तीन विभागीय र एक गैर आवासीय नेपाली संघ(एनआरएन) गरी कुल ११ टिमबीच प्रतिष्पर्धा हुनेछ । स्वर्ण ३९३, रजतः ३९३ र कास्य ६०० पदकाका लागि प्रतिष्पर्धा हुनेछ ।

खेलकुदअन्तर्गत एथलेटिक्स, महिला क्रिकेट र ब्याडमिन्टन पोखरा रङ्गशालामा खेलाइनेछ । पुरुष फुटबल, टेनिस, बक्सिङ, भलिबल पुरुष, जिमन्याष्टिक, ह्याण्डबल पुरुष तथा महिला, सफ्ट टेनिस, स्क्वास र उसु प्रतियोगिता पोखरा रङ्गशालमा हुनेछ । यसैगरी जुडो र 'फुल कन्ट्र्याक्ट' कराँते पोखराको प्रदर्शनी हल तथा शारीरिक सुगठन पोखरा सभागृहमा खेलाइने परिषद्ले जनाएको छ । पौडी पोखराका फिस्टेल एकेडेमी, हक्की महिला गण्डकी बोर्डिङ स्कुल, भारत्तोलन पोखरा उद्योग वाणिज्य सङ्घको सभाहल, गल्फ पोखरा हिमालयन गल्फ कोर्स, साइक्लिङ, ट्रायथोलन र प्याराग्लाइडिङ पनि पोखरामै हुनेछ । । आर्चरी, फेन्सिङ पोखरा रङ्गशालमा हुनेछ । रग्बी भण्डारढिक खेल मैदान, कबड्डी महिला पुरुष दुवै रञ्जित पार्टी प्यालेस रानीपौवा, खोखो पोखरा रङ्गशालाभित्रको ह्याण्डबल एकेडेमीमा खेलाइने भएको छ । पोखरा र बाहिरका खेलमैदान राष्ट्रिय खेलकुदका लागि तयारी अवस्थामा रहेको संयोजक गुरुङले जानकारी दिनुभयो ।

राससका अनुसार बाग्लुङमा आइटिएफ तेक्वान्दो प्रतियोगिता हुनेछ । सदरमुकामस्थित रामरेखा कर्भडहलमा सञ्चालन हुने सो खेलका लागि खेलस्थल सुधार, साजसज्जादेखि खेलाडीका लागि होटल व्यवस्थापनसम्मको काम भइरहेको छ । शनिबार विशेष समारोहमा प्रतियोगिता शुभारम्भ गरिने आइटिएफका केन्द्रीय सचिव एवम् बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो ।

"प्रतियोगिता कात्तिक २ गतेसम्म चल्छ, मौसमले साथ दियो भने कभर्डहल बाहिर पनि खेल सञ्चालन गर्ने गरी तयारी भइरहेको छ", उहाँले भन्नुभयो, "सात प्रदेश र तीन विभागीय टिमका गरी झण्डै तीन सय खेलाडी प्रतियोगितामा सहभागी हुँदैछन् ।" नगरप्रमुख वसन्तकुमार श्रेष्ठको संयोजकत्वमा गठित ५१ सदस्यीय प्रतियोगिता व्यवस्थापन समितिले व्यवस्थापकीय तयारीका कामलाई अघि बढाएको हो ।

गण्डकी प्रदेशका आइटिएफ प्रशिक्षक आकाशचन्द्र घर्तीमगरले प्रतियोगितामा एकल स्पाइरिङ, टिम स्पाइरिङ, एकल प्याट्रन र टिम प्याट्रनमा प्रतिस्पर्धा हुने बताउनुभयो । विभिन्न उमेर र तौल समूहका खेलाडीले प्रतियोगितामा भाग लिनेछन् । "गण्डकी प्रदेशबाट १४ पुरुष र ११ महिला खेलाडी भाग लिँदैछन्, खेलाडी अहिले बन्द प्रशिक्षणमा छन्", प्रशिक्षक घर्तीले भन्नुभयो, "आठौं राष्ट्रिय खेलकुदमा भन्दा यसपालि गण्डकीले नतिजा सुधार्ने अपेक्षा छ ।"

नेपालगञ्जमा भएको आठौं राष्ट्रिय खेलकुदमा गण्डकीले एक स्वर्ण र सात रजत पदक हात पारेको थियो । नवौंमा आइटिएफ तेक्वान्दोतर्फ २९ स्वर्ण, २९ रजत र ५८ कास्य पदकका लागि खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिताको मुख्य आयोजनास्थल पोखरा भएपनि जिल्ला तहमासमेत खेलस्थल तय हुँदा स्थानीय खेल पदाधिकारी र खेलप्रेमी उत्साहित छन् । जिल्ला खेलकुद विकास समितिका उपाध्यक्ष लोकेन्द्र केसीले प्रतियोगिताले खेलसँगै जिल्लाको पर्यटन प्रवर्द्धनमा पनि सघाउ पुग्ने बताउनुभयो । खेलाडीलाई नजिकका पर्यटकीय गन्तव्यस्थल घुमाउन समितिले सहजीकरण गर्ने उहाँको भनाइ छ ।

"राष्ट्रिय खेलकुदअन्तर्गतको प्रतियोगिता बागलुङमा आयोजना हुनु हाम्रा लागि महत्वको विषय हो, व्यवस्थापन र आतिथ्यतामा जिल्लाले कुशलता देखाउने मौका आएको छ", उपाध्यक्ष केसीले भन्नुभयो, "देशभरबाट खेलाडी आउँदा जिल्लाको चिनारी बढ्छ, आन्तरिक पर्यटन प्रवर्द्धन हुन्छ ।" प्रदेशका अरु जिल्लालाई पनि राष्ट्रिय खेलकुद प्रतियोगिताको अपनत्व दिलाउन राष्ट्रिय खलेकुद परिषद्ले पोखरा बाहिरसमेत खेलस्थल छनोट गरेको हो ।



जिल्लामा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत महिला बास्केटबल प्रतियोगिता हुँदैछ । व्यास नगरपालिका वडा नं १ निर्मल माध्यमिक विद्यालय प्राङ्गणमा रहेको बास्केटबल कोर्टमा सञ्चालन हुने खेलको आवश्यक तयारी पूरा भएको जिल्ला खेलकुद विकास समिति तनहुँले जनाएको छ ।

खेल सञ्चालनका लागि खेलमैदान तयार भइसकेको खेलकुद विकास समितिका अध्यक्ष अनिल पाण्डेले जानकारी दिनुभयो । उहाँका अनुसार खेलमैदानमा रङ्गरोगन, सरसफाई गरिएको छ भने मैदान सम्याउनका लागि ढलान गर्ने कार्य गरिएको छ । यहाँ रहेको दुईवटा मैदानमा खेल सञ्चालन हुनेछ । "खेलमैदान तयार भइसकेको छ, खेलाडी राख्नका लागि होटलको व्यवस्थापन सकिएको छ," पाण्डेले भन्नुभयो, "स्थानीय सरकार, टोलवासी, दमौलीवासी खेललाई भव्य रुपमा सम्पन्न गराउन आतुर छन् ।" खेलमैदान नजिक चेन्जिङ रुम, शौचालय तयार गरिएको छ । खेलका लागि खेलाडी, अफिसियल सहित एक सय ५६ जना दमौली आउनेछन् ।

खेलाडी र अफिसियलका लागि होटल व्यवस्थापन राष्ट्रिय खेलकुद परिषद्ले गरिसकेको छ । "नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत एउटा खेल तनहुँमा हुनु तनहुँवासीको गौरवको विषय हो", पाण्डेले भन्नुभयो । खेलकुदलाई सुरक्षितरुपमा सम्पन्न गराउन जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरूसँग बैठक सम्पन्न भएको उहाँले जानकारी दिनुभयो । शान्ति सुरक्षालाई चुस्त बनाउन जिल्लास्थित प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरुबाट सहयोगको प्रतिबद्धता व्यक्त भएको उहाँले बताउनुभयो ।

खेलको उद्घाटनको दिन दमौली बजारमा हरेक घर अगाडी घडा राख्ने, व्यानर राख्ने निर्णय गरिएको छ । प्रतियोगिता सम्पन्न गराउनका लागि व्यास नगरपालिका, विभिन्न टोल विकास संस्था, बजारवासीले प्रतिबद्धता जनाएका छन् । परिषद्का सदस्य एवं खेलस्थल उपसमितिका संयोजक राजेश गुरुङ सहितको टोलीले गत असोज ४ गते खेलमैदानको निरीक्षण गर्दै तनहुँमा महिला बास्केटबल खेल सञ्चालन गर्न सकिने निष्कर्ष निकालेको थियो ।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत स्याङ्जा जिल्लाको वालिङमा महिला फुटबल प्रतियोगिता हुनेछ । वालिङ नगरपालिका वडा नं ८ स्थित खेल मैदानमा हुने प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको जिल्ला खेलकुद विकास समिति स्याङ्जाका अध्यक्ष गिरीबहादुर (मोहन) गुरुङले जानकारी दिनुभयो । असोज २८ गतेदेखि कात्तिक ३ गतेसम्म नवौं राष्ट्रिय खेलकुदका कार्यक्रम हुने भएपनि महिला फुटबल भने एकदिनअघि असोज २७ गतेबाट सञ्चालन हुने भएको हो ।

असोज २७ गते बिहीबारबाट प्रतियोगिता शुरु हुने भएपछि भोलिसम्ममा सबै खेलाडीहरु वालिङ आईसक्ने उहाँले जानकारी दिनुभयो । वालिङ आउने अफिसियल, प्रशिक्षक, खेलाडी सबैलाई होटल व्यवसायीहरूसँगको समन्वयमा आवाशको व्यवस्थापन मिलाईएको छ । वालिङमा रहेको खेलमैदानलाई जिल्ला समन्वय समितिको पहलमा विशेष गरी वालिङ नगरपालिकासहित जिल्लाका एघार वटै पालिकाहरूको सहयोगमा दुबो लगाइएको छ । प्रतियोगिताका लागि अहिले खेल मैदान ब्यवस्थित गर्ने, तारबार गर्ने, झण्डाहरू राख्ने लगायतका काम भइरहेको उहाँले जानकारी दिनुभयो ।

नवौ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत पर्वत जिल्लामा सञ्चालन हुने कराँतेको तयारी पूरा भएको छ । खेल सञ्चालन हुने भवनको भौतिक पूर्वाधारको काम सम्पन्न हुने चरणमा रहेको पुगेको जिल्ला खेलकुद विकास समिति पर्वतका अध्यक्ष हर्कमान गुरुङले जानकारी दिनुभयो । त्यसैगरी खेलाडीहरूका लागि होटल बुकिङ्गको काम भैसकेको छ । प्रतियोगिताको अफिसियल टिम पर्वत आइपुगेर आवश्यक तयारीमा लागिरहेको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रतियोगिता कुश्मा बजारको बगाउँस्थित जिल्ला खेलकुद विकास समितिको हलमा सञ्चालन हुने र अधिकांश तयारी पूरा भएको राम श्रेष्ठले जानकारी दिनुभयो । करातेतर्फ चार प्रदेश तथा आर्मी, प्रहरी, सशस्त्र प्रहरी तथा एनआरएनए सहित ११ वटा टिमले प्रतिष्पर्धा गर्ने छन् । प्रतियोगितामा ११ वटै टिमबाट ३२ जनाका दरमा करिब चार सय खेलाडी, हरेक टिमका दुई/दुई जना कोच, राष्ट्रिय र अन्तर्राष्ट्रिय कोचसमेत गरी एक सय ३० जना अफिसियलको सहभागिता रहने जनाइएको छ ।

प्रतियोगितामा सहभागि हुने खेलाडीहरू भने असोज २८ गते कुश्मा आइपुग्ने र उनीहरूका लागि विभिन्न होटलहरूमा खान बस्नको व्यवस्था मिलाईएको आयोजकले जनाएको छ । त्यसैगरी खेलाडीलाई नेपालकै अग्ला र लामा पुलहरु, विश्वकै अग्लो बञ्जी, विश्वकै लामो सुपरम्यान शैलीको जीपलाईलगायतका पर्यटकीय स्थलहरूको दृश्यावलोकनको व्यवस्था पनि मिलाईएको छ । पर्वत जिल्लामा हालसम्म राष्ट्रियस्तरका प्रतिष्पर्धा भएका छैनन । नवौ राष्ट्रिय खेलकुद प्रतियोगिताको कराँते खेल पर्वतमा आयोजना हुँदा पर्वतको खेलकुद तथा पर्यटन क्षेत्रको बिकासमा ठूलो सहयोग पुग्ने जिल्ला खेलकुद विकास समितिका अध्यक्ष हर्कमान गुरुङले बताउनुभयो ।

म्याग्दी समाचारदाता सन्तोष गौतमका अनुसार नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तरगत म्याग्दीको बेनीमा महिला भलिबल र तेक्वान्दोको प्रतिस्पर्धा हुँदैछ । जिल्ला खेलकुद विकास समितिले खेलमैदान निर्माण, मर्मत, खेलाडीको आवास र अभ्यास स्थलको व्यवस्थापन गरे पनि बजेट र खेल सामग्री नआएको जनाएको छ । समितिका अध्यक्ष दिनेश केसीले राष्ट्रिय खेलकुद परिषद्ले बिनियोजन र पदाधीकारीले घोषणा गरेको बजेट समयमा जिल्लामा नपठाउँदा तयारीका साथै व्यवस्थापन गर्न समस्या भएको जानकारी दिनुभयो ।

भलिबल सञ्चालन हुने बेनीको खुल्ला मञ्च खेलमैदानमा दुई वटा भलिबलको कोर्ट निर्माण र प्याराफिट रङ्गरोगन गरिएको छ । बेनी नगरपालिकाले बनाएको खुल्लामञ्चको प्याराफिटमा रेलिङ हालेर रङ्ग लगाइएको छ । राखेपले पहिलो चरणमा तयारीका लागि रु. पाँच लाख बजेट पठाउने घोषणा गरेपनि नपठाएको अध्यक्ष केसीले बताउनुभयो ।

बेनी नगरपालिका लगायत जिल्लाका स्थानीय तह र समितिको आन्तरिक स्रोतबाट अहिलेसम्म तयारी गरेपनि राखेपबाट बजेट नआउँदा थप तयारी गर्न समस्या भएको छ । महिला भलिबलमा सहभागि हुने गण्डकी, बाग्मती प्रदेश, नेपाली सेना, शसस्त्र र नेपाल प्रहरीका खेलाडीहरू बेनीमा आइसकेका जिल्ला भलिबल संघ म्याग्दीका अध्यक्ष तेजेन्द्र बानियाले बताउनुभयो । तेक्वान्दोका खेलाडीहरू २६ गतेसम्म बेनी आइपुग्ने समितिले जनाएको छ ।

प्रतियोगितामा खेलाडी, प्रशिक्षक र व्यवस्थापनका लागि ११ वटा टिमका ६१७ जना म्याग्दीमा आउदैछन् । होटल व्यवसायी संघको समन्वयमा खेलाडीलाई राख्ने होटल व्यवस्थापन भएको छ । बेनी नगरपालिकाको ७ र ८ नम्बर वडा कार्यालयले अतिथि सत्कार, सरसफाई, झाँकी प्रदर्शनीका लागि विभिन्न उपसमिति बनाएर तयारी गरेका छन् ।

गोरखा समाचारदाता दीपक श्रेष्ठका अनुसार नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत गोरखामा हुन लागेको बुद्धिचाल प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ । यहीं असोज २७ गतेदेखि कात्तिक २ गतेसम्म गोरखा सदरमुकाम स्थित गोरखा क्याम्पसको हाताभित्र भित्र हुन लागेको प्रतियोगिताका लागि आवश्यक पूर्वाधार निर्माण लगायतका व्यवस्थापनका काम अन्तिम चरणमा पुगेको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष शान्तसिंह बस्न्यात जानकारी दिनुभयो ।

प्रतियोगितामा सहभागी हुने खेलाडी, अफिसियल तथा व्यवस्थापकका लागि होटल व्यवस्थापन, प्रतियोगिता हुने स्थानमा आबश्यक पूर्वाधार निर्माणको काम सम्पन्न भइसकेको उहाँले बताउनुभयो । कूल ११ टिमको सहभागिता हुने प्रतियोगितामा सात प्रदेशका सात टिम, तीन विभागीय टिम तथा एक गैर आवासीय सङ्घको टिमले भाग लिनेछन् । हरेक टिमबाट तीन महिला र तीन पुरुष गरी कूल ६६ जना तथा नेपालका नेशनल च्याम्पियन पुरुषतर्फका खेलाडी, महिलातर्फका राष्ट्रिय च्याम्पियन खेलाडी तथा उच्च वरियताका पुरुष खेलाडीको पनि प्रतियोगितामा सहभागिता रहने अध्यक्ष बस्न्यातले जानकारी दिनुभयो । त्यसबाहेक अफिसियल र व्यवस्थापकहरुको प्रतियोगितामा सहभागिता रहने उहाँले बताउनुभयो । प्रतियोगिताको खेल तालिका भने प्राप्त हुन बाँकी रहेको उहाँको भनाइ छ ।

कावासोती समाचारदाता राजु चापागाईका अनुसार पूर्वी नवलपरासीमा नवौं राष्ट्रिय खेलकुदको तयारी अन्तिम चरणमा पुगेको छ । जिल्लामा कुस्ती र सेपाताक्रोको प्रतियोगिता हुने र त्यसको तयारी तयारी अन्तिम चरणमा पुगेको जिल्ला खेलकुद विकास समिति नवलपुरका कार्यालय प्रमुख विष्णुलाल श्रेष्ठले जानकारी दिनुभयो । प्रतियोगिताको कुस्तीतर्फ एक सय ५८ र सेपाताक्रो तर्फ ८४ जना गरी दुई सय ४२ जना खेलाडीले भाग लिने उहाँले बताउनुभयो । प्रतियोगिताको कुस्ती थारु राष्ट्रिय सङ्ग्रहालय डन्डा र सेपाताक्रो कावासोतिस्थित योङ्ग स्टार क्लबको कभर्डहलमा हुनेछ । असोज २९ गतेदेखि कात्तिक १ गतेसम्म खेल हुने जनाइएको छ ।रासस

## एक सय बढी देशका ३५ लाखको बैंक खाता विवरण

**एएनआई**

वर्न । स्वीस अधिकारीहरूले भारतसहित एक सय एक देशसँग बैंक खाता विवरण उपलब्ध गराएका छन् ।

उक्त देशको सङ्घीय कर प्रशासनले ३५ लाख खाताको वित्तीय विवरण ती देशलाई उपलब्ध गराएको हो ।

कर अनुशासन सुधार गर्न तथा सम्भावित छली रोक्न भारत र स्विट्जरल्याण्डबीच सन् २०१८ मा बैंक खाता विवरण साझा गर्नेसम्बन्धमा द्विपक्षीय सहमति भएको थियो । उक्त सहमतिअनुसार स्विट्जरल्याण्डले उक्त विवरण भारतलाई उपलब्ध गराएको हो ।

स्विट्जरल्याण्डले यसअघि तीनपटक वित्तीय विवरण भारतलाई उपलब्ध गराइसकेको छ ।

सरकारी अधिकारीहरूका अनुसार प्राप्त विवरणबाट विदेशस्थित बैंकमा खोलिएको खाताको विवरणबारे सम्बद्ध निकायलाई खातावालाले दिएको जानकारी वास्तविक भएनभएको निर्क्योल गर्न तथा कर अनुशासन कायम गर्न कर अधिकारीहरूलाई सहज हुनेछ ।

## मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राख्न आग्रह

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेरसले मानसिक स्वास्थ्यलाई विश्वव्यापी प्राथमिकतामा विषय बनाउन आग्रह गर्नुभएको छ ।

उहाँले मानसिक स्वास्थ्यको उपचार एवम यसको रोकथामका लागि आवश्यक कार्यक्रम निर्माण गरी प्राथमिकताका साथ काम गर्न संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रलाई आग्रह गर्नुभएको हो ।

अक्टोबर १० मा मनाइने विश्व मानसिक स्वास्थ्य दिवसका अवसरमा उहाँले सो सन्देश दिनुभएको हो । उहाँले विश्वमा हाल मानसिक स्वास्थ्यको समस्या दिन प्रतिदिन बढ्दै गएको अवस्थामा यसको रोकथम तथा नियन्त्रणका लागि प्राथमिकता भने कमै मात्र निर्धारण हुने गरेको बताउनुभयो । एक तथ्याङ्कअनुसार हाल विश्वमा करिब एक अर्ब मानिस कुनै न कुनै प्रकारको मानसिक स्वास्थ्यको समस्यामा बाँचिरहेको बताइएको छ ।



विश्वमा मानसिक रोग भएका व्यक्तिको सङ्ख्या बढ्दै गएपनि उनीहरुका समस्या बुझ्ने र उपचार गर्ने मानिसको भने पर्याप्त उपलब्धता नरहेको पाइएको छ ।

संयुक्त राष्ट्रसङ्घ कै एक तथ्याङ्कअनुसार हाल विश्वका कतिपय देशमा त मानसिक रोग भएका व्यक्तिको उपचार तथा परामर्शका लागि प्रतिएक लाख दुई जनामात्र चिकित्सक एवम् स्वास्थ्यकर्मी उपलब्ध भएका देखिएका छन् । त्यसैले यसको उपचारका लागि आवश्यक जनशक्ति र पूर्वाधारको विकासका क्षेत्रमा आवश्यक कार्ययोजना बनाएर अघि बढ्न संयुक्त राष्ट्रसङ्घीय महासचिव गुटेरेसले विश्वका देशलाई आग्रह गर्नुभएको छ ।

## नेपाली चेस टोली बङ्गलादेश प्रस्थान

काठमाण्डु । बङ्गलादेशको ढाकामा भोलि बुधबारदेखि सुरुआत हुने शेख रसेल कप अन्तर्राष्ट्रिय आमन्त्रण टिम चेस च्याम्पियनसीपमा सहभागी हुने नेपाली टोली मंगलबार त्यसतर्फ प्रस्थान गरेको छ ।

यही असोज २६ देखि कात्तिक ४ गतेसम्म हुने उक्त प्रतियोगितामा नेपालको तर्फबाट पाँच खेलाडी तथा एक आर्विटर गरी ६ जनाको सहभागिता रहनेछ । प्रतियोगितामा फिडेमास्टर बिलमलाल श्रेष्ठ तथा रिजेन्द्र राजभण्डारी, भेट्रान खेलाडी राजेन्द्रप्रसाद श्रेष्ठ तथा सिङ्गेश्वर दास र राजेन्द्र बज्राचार्यको सहभागिता रहेको छ ।

पूर्व राष्ट्रिय च्याम्पियनसमेत रहेका बिमललाल, रिजेन्द्र राजभण्डारी तथा राजेन्द्रप्रसाद श्रेष्ठ नेपालको तर्फबाट विभिन्न ओलम्पियाडमा समेत सहभागिता जनाईसकेका खेलाडी हुन । प्रतियोगितामा अर्न्तराष्ट्रिय आर्विटर नीरञ्जन प्रजापति निर्णायकको



भूमिकामा रहनेछन् । प्रतियोगितामा सहभागी हुने टोलीलाई नेपाल बुद्धिचाल सङ्घका अध्यक्ष विदुरप्रसाद गौतमलगायतले त्रिभुवन विमानस्थलमा शुभकामनासहित बिदाई गर्नुभयो ।

गत असार अन्तिम साता सम्पन्न बुद्धिचाल सङ्घको अधिवेशनबाट अध्यक्षमा निर्वाचित गौतमले सम्भावना भएसम्मका अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली खेलाडीलाई सहभागी गराउन आफू प्रतिबद्ध भएको बताउनुभयो ।रासस

## बम आक्रमणको बारेमा संकट वार्ता गर्ने

**सिन्ह्वा**

युक्रेन । संयुक्त राज्य अमेरिका र अन्य जी-७ शक्तिले युक्रेनमा रूसले भर्खरै गरेको बमविष्फोटको बारेमा मङ्गलबार सङ्कट वार्ता गर्ने भएका छन् । बेलायती प्रधानमन्त्री लिज ट्रसले युक्रेनको समर्थनमा डगमगाउनु नहुने बताउनु भएको छ ।

युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले मस्कोलाई आफ्नो देश हुन सक्दैन भनी चेतावनी दिएपछि यस महिनामा पहिलो पटक रुसी क्षेप्यास्त्रले युक्रेनको राजधानीमा आक्रमण गरेको एकदिनपछि बैठक भएको जनाइएको छ । रूसी सेनाले सोमबार युक्रेनका शहरमा ८० भन्दाबढी क्षेप्यास्त्र प्रहार गरेका किभले जानकारी दिएको छ । युक्रेनले क्रिमियन प्रायद्वीपलाई रूससँग जोड्ने प्रमुख पुललाई बम विस्फोट गराएर क्षति पुर्याएरपछि यस बदला स्वरुप ८० भन्दा बढी क्षेप्यास्त्र प्रहार गरेको जनाइएको छ ।

युक्रेनी विदेशमन्त्री दिमित्रो कुलेबाले आक्रमणले मस्कोलाई लज्जित पार्ने सैन्य असफलता पछि "हताश" देखाएको बताउनु भएको छ । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अर्को कुनै पनि आक्रमणमा गम्भीर प्रतिक्रिया दिने चेतावनी दिनुभएको छ ।मङ्गलबार संयुक्त राष्ट्र सङ्घको महासभाको आकस्मिक बैठकमा - मस्कोले चार आंशिकरूपमा कब्जा गरेको युक्रेनी क्षेत्रलाई विलय गर्ने घोषणा गरेको बहस गर्न बोलाइएको बताइएको छ ।

युक्रेनी राजदूत सेर्गी किस्लियसले रुसलाई 'आतङ्कवादी राज्य'को सङ्ज्ञा दिनुभएको छ । उहाँले आफ्नै परिवारमाथि हमला भएको टिप्पणी गर्नुभएको छ । "दुर्भाग्यवश, तपाईको वरपर अस्थिर र पागल तानाशाही रहुन्जेल तपाईले स्थिर र विवेकी शान्तिको लागि आह्वान गर्न सक्नुहुन्न," उहाँले भन्नुभएको छ ।

## इरानको जेलमा झडप हुँदा मानवीय क्षतिको आशङ्का

**सिन्ह्वा**

तेहरान । उत्तरी इरानको गिलान प्रान्तस्थित एक बन्दीगृहमा त्यहाँका बन्दीकाबीचमा भिडन्त भएको बताइएको छ ।

सो भिडन्तमा परेर कैयौं कैदीबन्दी मारिएका अनुमान गरिएको छ । इरानको अर्ध सरकारी समाचार समिति मेहरले सो कुराको जानकारी दिएको छ । सो समितिका अनुसार सोमबार उक्त सहरको लकान बन्दीगृहमा रहेका कैदीहरुका बीचमा झडप भएको थियो ।

गिलान प्रान्तको प्रान्तीय राजधानी प्रान्तको लाकान सहरमा रहेको जेलमा सो झडप भएको थियो । यहाँका एक जेल अधिकारीका अनुसार सो बन्दीगृहमा रहेका कैदीबन्दीका बीचको आपसी विवाद बढ्दै गएपछि एक आपसमा भिडन्त भएको बताइएको छ ।



यस क्रममा भएको झडप र दुई पक्षबीचको भिडन्तमा परेर केही बन्दीको ज्यान गएको बताइएको छ ।

त्यसमा परेर के कतिजनाको ज्यान गयो भन्ने बारेमा भने केही खुलाइएको छैन । जेलका अधिकारीले यस विषयमा अनुसन्धान जारी रहेको बताएका छन् । इरान सरकारका एकजना अधिकारीले उक्त जेलमा रहेका बन्दी पक्ष विपक्षमा रहेर गरेको भिडन्तमा परेर कैयौं बन्दीको ज्यान गएको आफ्नो नाम नबताउने सर्तमा जनाएका छन् ।

# सहकारीले महिलालाई व्यवसायी बनायो

देउखुरी । घोराही उपमहानगरपालिका-६ अघराकी रामकुमारी थापाको बाख्रा खोरमा अहिले ४५ वटा बाख्रा छन् । २० वटा माउ, तीन वटा बोका, १० वटा खसी र १२ वटा साना पाठापाठी छन् ।

घरखर्च चलाउन सुरुमा बाख्रापालन सुरु गर्नुभएकी रामकुमारी अहिले व्यावसायिक बाख्रापालनमा लाग्नुभएको छ । उहाँले रु पाँच लाख लगानी गरेर चार कोठासहितको ठूलो खोर निर्माण गरेर बाख्रापालन गर्नुभएको छ । एउटा खसीलाई रु २० देखि २५ हजारमा बिक्री गर्ने गरेको उहाँले बताउनुभयो ।

भर्खरै सकिएको दसैँमा रु दुई लाखको खसीबोका बिक्री गरेको उहाँ बताउनुहुन्छ । उहाँले घोराही-६ मा रहेको शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्थाबाट रु. दुई लाख पचास हजार ऋण लिएर व्यवसाय सुरु गर्नुभएको हो । "सहकारीले ऋण दिएकाले व्यवसाय गर्न सजिलो भएको हो", उहाँले भन्नुभयो, "वैदेशिक रोजगारीमा जानुभएका श्रीमान् पनि अहिले घर फर्केर काममा सघाउदा सहयोग भएको छ, अब यतै काम गर्ने सोचाइमा छौँ ।"

घोराही- ६ चैनपुरकी शोभा वलीले विसं २०७५ देखि बाख्रा पाल्न सुरु गर्नुभएको हो । अहिले उहाँसँग १२ खसी, १५ माउ र साना पाठापाठी २१ गरी जम्मा ४८ बाख्रा छन् । गत वर्षको दसैँमा उहाँले रु दुई लाख २० हजारको खसी बिक्री गरेको र यस वर्ष पनि दसैँमा पाँच खसी बिक्री गरेर रु एक लाख ६० हजार आम्दानी गरेको बताउनुभयो ।

बिक्री गर्न तयारी अवस्थामा रहेका अझै पाँच वटा खसी रहेको र आउँदै गरेको तिहारमा सबै बिक्री हुने उहाँ बताउनुहुन्छ । उहाँको चार जनाको परिवार छ । वैदेशिक रोजगारीका लागि साउदीमा रहेका श्रीमान् वैशाखमा घर फर्किएपछि दुवै जना मिलेर व्यवसायलाई अगाडि बढाउने योजना रहेको उहाँले सुनाउनुभयो ।

"सबैले मिलेर घरको काम गर्ने गरेका छौँ", उहाँले भन्नुभयो, "घरको छेउमा किमु र मकैचरी घाँस रोपेका छौँ, बाख्रालाई खुवाउन सजिलो भएको छ ।" बाख्रापालनमा खासै लगानी गर्नुनपरेको तर, आम्दानी भने सन्तोषजनक रहेको साथै सहकारीको सहयोगमा व्यावसायिक हुन पाइएको उहाँको भनाइ छ । घोराही-६ की गीता घर्तीले पनि व्यावसायिक बाख्रापालनमा लाग्नुभएको छ ।

दसैं तिहारको मौकामा बाख्रा बढी बिक्री हुने गरेको उहाँ बताउनुहुन्छ । यस वर्षको दसैँमा रु एक लाख १० हजारको खसी बिक्री गरेको बताउनुभयो । उहाँसँग अहिले पनि ४५ बाख्रा छन् । वर्षमा रु चार लाख ५० हजारभन्दा बढी आम्दानी गर्ने गरेको बताउनुहुन्छ । "पहिलेकोभन्दा अहिले त मान्छेले हेर्ने दृष्टिकोण नै फेरिएको छ, पहिले बाख्रा थोरै थिए, पालेर घरखर्च मात्र ठिक्क हुन्थ्यो", उहाँले भन्नुभयो, "अहिले कमाइ राम्रो भएको छ, घरछेउको दुईकट्ठा खेत जोडेको छु ।"

चार वर्षअघि शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्थाबाट रु दुई लाख ऋण लिएर सुरु गरेको बाख्रापालन व्यवसायले प्रशस्त आम्दानी दिएको उहाँ बताउनुहुन्छ । उहाँले भन्नभयो, "अझै बढाउने योजना छ, सहकारीबाट ऋण पाएपछि हौसला बढेको हो ।"

शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्थाका कोषाध्यक्ष शरदकुमार आचार्यले घोराही- ६ कार्यक्षेत्र निर्धारण गरेर १७ वर्ष अगाडि स्थापना भएको सहकारीले ग्रामीण क्षेत्रका सदस्यलाई सहयोग पुगेको बताउनुभयो । शेयर सदस्यलाई कर्जा लिन सजिलो हुने गरी काम गरेको उहाँको भनाइ छ । व्यवसाय र कृषि पेसा गर्न चाहने सदस्यलाई ऋण प्रवाह गर्ने गरेको उहाँ बताउनुहुन्छ ।

अहिले सहकारीमा एक हजार तीन सय ६७ जना सदस्य छन् । जसमा सात सय २६ जना महिला, छ सय ३७ जना पुरुष र ८० सङ्घ सस्था सदस्य रहेका छन् । सबै सदस्यलाई ऋण लगानी गर्दा माग गरे अनुसार पुऱ्याउन सकिएको बताउनुभयो । सहकारीबाट कर्जा लिएर सदस्यले जीवनस्तर परिवर्तन गर्नुभएको देख्दा खुसी लाग्ने गरेको उहाँ बताउनुहुन्छ । कृषिका लागि ऋण लिन चाहने सदस्यलाई १४ प्रतिशतमा ऋण दिने गरेको कोषाध्यक्ष आचार्यले बताउनुभयो ।रासस

## लगातालको झरीले धानबालीमा क्षति

मेलम्ची । अघिल्लो हप्ता परेको अविरल वर्षाका कारण सिन्धुपाल्चोकका किसानको धानबालीमा क्षति पुगेको छ । दसैँको अघिल्लो दिनदेखि नै देशभर परेको पानीका कारण घानबालीमा क्षति पुगेको हो ।

लगातारको वर्षाका कारण पाक्ने बेलाको धानबालीमा क्षति भएपछि किसान चिन्तित भएका छन् । हेलम्बु गाउँपालिका, मेलम्ची नगरपालिका र इन्द्रावती गाउँपालिकाको कतिपय ठाउँमा धान काट्ने बेला भइसकेको छ ।

किसानले दसैं लगत्तै धान काट्ने योजना बनाए पनि काट्न नपाउँदै ढलेपछि चिन्तित बनेका हुन् । धेरै धान फल्ने फाँटमा लगाएको धान वर्षाले ढलाइदिएको मेलम्ची नगरपालिका-५ भरतमणि सिग्देलले बताउनुभयो ।

"दसैँ मनाएलगत्तै धान काट्न हुने भइसकेको थियो, तर अहिले पाकेको धान काट्न नपाउँदै लगातारको पानीले पाकेको धान सखाप पारेको छ, अब कसरी धानलाई भित्र्याउने भन्ने चिन्ता सबैमा छ", मेलम्ची- ५ का राजेन्द्र ढकालले भन्नुभयो ।

वर्षाले खेतमा लगाएको धानसँगै बारीमा लगाएको कोदो बालीमासमेत क्षति पुऱ्याइएको छ । जिल्लाका अधिकांश किसानले लगाएको धान तथा कोदो बालीमा वर्षाले क्षति पुऱ्याएपछि किसानलाई चिन्ता थपिएको छ ।

लगातारको वर्षाले जिल्लाको अधिकांश क्षेत्रमा धानबालीमा क्षति पुऱ्याएको छ । अझै पनि पानी पर्ने सङ्केत देखिएकाले धान काट्न डराउनुपर्ने अवस्था रहेको मेलम्ची-९ का किसान कृष्णबहादुर खड्काले बताउनुभयो ।

मौसम खुल्नेबित्तिकै धान काट्ने चटारो रहेको उहाँले बताउनुभयो । जिल्लामा विशेषगरी बास्मती, खुमल ४, मन्सुली र हाइब्रिट प्रजातिको धान लगाउने गरिन्छ ।रासस

# अदुवा, अमिलो र अम्रिसो आम्दानी स्रोत



त्रिवेणी । जिल्लाको पहाडी क्षेत्रमा तीन 'अ' अर्थात् अदुवा, अमिलो र अम्रिसो आम्दानीको स्रोत बनेको छ । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको पहाडी क्षेत्रका बासिन्दाका लागि अदुवा, अमिलो जातका फलफूल र अम्रिसो आम्दानीको बलियो स्रोत बनेको हो । बौदिकाली, बुलिङटार, हुप्सेकोटसहित गैँडाकोट, मध्यविन्दु, विनयीत्रिवेणीका पहाडी क्षेत्रमा आम्दानी प्रमुख स्रोतमा अदुवा, अमिलो जातका फलफूल र अम्रिसो पर्ने गरेका छन् ।

पहाडी क्षेत्रमा अन्नबाली लगाउने क्षेत्र कम हुने गर्दछ । समथर क्षेत्र नहुने कारण पहाडी पाखामा किसानले अदुवा, अमिलो जातका फलफूल तथा सुन्तला र अम्रिसो लगाउने गरेका छन् । जसबाट उनीहरूले राम्रो आम्दानी लिने गरेका छन् । अदुवा, अमिलो जातका फलफूल, अम्रिसो उत्पादन भएपछि तुरुन्तै बिक्री गरी आम्दानी लिन सकिने भएकाले पनि पहाडी क्षेत्रका किसानका लागि तीन 'अ' नगदे बाली बनेको छ ।

कृषि ज्ञान केन्द्र नवलपुरका सूचना अधिकारी शङ्कर पौडेलका अनुसार गत वर्षमात्रै जिल्लामा नौ हजार नौ सय ५० मेट्रिक टन अदुवा उत्पादन भएको छ । जिल्लाको पहाडी क्षेत्रमा नौ सय ५० हेक्टर क्षेत्रफलमा अदुवा खेती हुँदै आएको उहाँले बताउनुभयो । अदुवा बिक्रीबाट किसानले राम्रो आम्दानी गरेको सूचना अधिकारी पौडेलले बताउनुभयो ।

कृषि ज्ञान केन्द्रले अदुवा उत्पादनलाई प्रोत्साहन गर्न जिल्लाको बौदिकाली-४ र हुप्सेकोट-६ मा अदुवा ब्लक कार्यक्रमसमेत सञ्चालन गरेको उहाँले बताउनुभयो । जसअन्तर्गत आवश्यक अनुदान तथा प्राविधिक सहयोग पुऱ्याउँदै आएको उहाँको भनाइ छ ।

यता अमिलो जातको फलफूलबाट समेत पहाडी क्षेत्रका किसानले मनग्य आम्दानी गर्दै आएका छन् । अमिलो जातका फलफूलअन्तर्गत सुन्तला खेती गर्दै आउनुभएका कृषक देउबहादुर फालका अनुसार पहाडी क्षेत्रका धेरैका लागि सुन्तला आम्दानीको स्रोत बनेको छ । "पहाडी पाखामा अरु केही हुन्थेन, अहिले धेरैजसोले सुन्तला लगाउने गरेका छन्, यसबाट पैसा पनि राम्रै आउने गरेको छ", सुन्तला कृषक फालले भन्नुभयो, "सरकारले समेत प्रोत्साहन गरेको छ, यसले गर्दा थप हौसला मिलेको छ ।"

सुन्तलासहित कृषक कागती खेतीतर्फ पनि आकर्षित बन्दै गएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना नवलपुरका प्रमुख विष्णु शर्माले बताउनुभयो । सुन्तला र कागतीमा परियोजनाअन्तर्गत अनुदान र आवश्यक सहयोग प्रदान गर्न थालेपछि पछिल्लो समय यस खेतीमा लाग्ने किसान बढ्दै गएको उहाँले बताउनुभयो । परियोजनाअन्तर्गत बर्सेनि सुन्तला तथा कागतीका बिरुवासमेत अनुदानमा वितरण गर्दै आएकाले क्रमशः क्षेत्र विस्तार हुँदै गएको उहाँको भनाइ छ । अहिले पुराना सुन्तला तथा कागती खेती गर्ने किसानले आम्दानी लिने गरेको उहाँको भनाइ छ । भर्खर यसतर्फ लागेका किसानले केही वर्षभित्रमा उत्पादन गरी आम्दानी लिनसक्ने उहाँको भनाइ छ ।

परियोजना प्रमुख शर्माका अनुसार गत वर्ष किसानले एक हजार २० मेट्रिक टन सुन्तला र १६ दशमलव पाँच टन कागती उत्पादन गरेका छन् । रु पाँच करोड १० लाखको सुन्तला र रु २० लाख बराबरको कागती बिक्रीबाट आम्दानी भएको उहाँको भनाइ छ । परियोजनाले अमिलो जातको फलफूलमा अनुदानसहितका प्राविधिक सहयोग पुऱ्याउँदै आएकाले क्रमशः यसबाट थप आम्दानी हुँदै जाने उहाँको भनाइ छ । "हामीले जोन कार्यक्रमअन्तर्गत अमिलो जातका फलफूलमा अनुदानसहितका प्राविधिक सहयोग प्रदान गरिरहेका छौँ, कृषकहरू थप आकर्षित छन्", उहाँले भन्नुभयो, "दुई-चार वर्षमा किसानले अहिलेको भन्दा दोब्बर आम्दानी लिनेछन् ।"

अदुवा र अमिलोसँगै अम्रिसोसमेत जिल्लाको पहाडी क्षेत्रका लागि आम्दानीको स्रोत बनेको छ । केही वर्ष पहिले नाङ्गा रहने पहाडी पाखा अहिले अम्रिसोले ढाक्न थालेको छ । जसबाट सो क्षेत्रका बासिन्दाले आम्दानीसमेत लिइरहेका छन् । हुप्सेकोट-५ राम्चेका श्यामबहादुर राईले भन्नुभयो, "अहिले अम्रिसोबाट हुने आम्दानीले घरखर्च चलाउन सहयोग पुगेको छ, खासै मेहेनत पनि गर्नुपर्दैन पाखामा लगाइदियो आफैँ हुन्छ ।"

डिभिजन वन कार्यालय नवलपुरका सूचना अधिकारी हरिप्रसाद गौतमका अनुसार जिल्लाको पहाडी क्षेत्रमा रहेका कबुलियती वनमा अम्रिसो खेती गर्ने परिवारको सङ्ख्या एक हजार ६८ रहेको छ । उनीहरूले अम्रिसोबाट आम्दानी गर्ने गरेका छन् । सूचना अधिकारी गौतमका अनुसार गत वर्ष पहाडी क्षेत्रमा रहेका कबुलियती वनमा लगाइएको अम्रिसोबाट एक सय ५२ दशमलव सात सय १३ मेट्रिक टन अम्रिसो उत्पादन भएको थियो । जसबाट कृषकले गत वर्ष रु एक करोड ९८ लाख ५२ हजार आम्दानी गरेका छन् ।

पहाडी क्षेत्रमा उत्पादन हुने अदुवा, अमिलो, अम्रिसो किसानले स्थानीय बजारसहित जिल्ला बाहिरका सहर र अदुवा, अम्रिसो भारतसम्म निर्यात गर्ने गरेका छन् । उत्पादित वस्तुको बजारीकरणमा खासै समस्या नभए पनि कहिलेकाहीँ उचित मूल्य नपाउने र अर्कोतर्फ पहाडी क्षेत्रमा कच्ची बाटोका कारण यातायातको सहज सुविधा नहुँदा ढुवानी गरी बजारसम्म ल्याउन समस्या हुने गरेको किसानको गुनासो छ ।रासस

# नेप्से परिसूचकमा पहिरो जानेक्रम रोकिएन



काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबारमापक नेप्से परिसूचक दोहोरो अङ्कले ओरालो लागेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से १६.०६ अङ्कले ओरालो लागेर एक हजार आठ सय ५५ दशमलब १६ मा सीमित भएको छ ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूच्क तीन दशमलब २१ अङ्कले ओरालो लागेर तीन सय ६३ दशमलब ६३ मा सीमित भएको छ ।

कूल दुई सय २९ कम्पनीको १७ लाख ६७ हजार ६ सय ९२ कित्ता शेयर रु ५५ करोड २७ लाख १२ हजार आठ सय ८५ मा कारोबार भएको छ ।

यसबाट के बुझ्न सकिन्छ भने कारोबार रकम र नेप्से दुवैमा गिरावट आएको छ । कारोबार भएका १३ उपसमूहमध्ये तीन उपसमूहको शेयर मूल्यमा झिनो सुधार देखिएको छ भने १० उपसमूहको शेयर मूल्यमा गिरावट भएको छ । व्यापार, होटल तथा पर्यटन र सामूहिक लगानी कोषमा झिनो सुधार हुँदा अरु उपसमूहको शेयर मूल्यमा गिरावट देखिएको हो ।

मंगलबारको कारोबारपछि बजार पूँजीकरण रु २६ खर्ब ६६ अर्ब ४३ करोड ५१ लाख २९ हजार एक सय ५९ बराबर कायम भएको छ । कारोबारका आधारमा नविल बैंक शीर्ष स्थानमा छ । सो बैंकको रु तीन करोड १० लाख नौ हजार चार सय ४९ बराबरको कारोबार भयो ।

यस्तै, नेपाल लाइफ इन्स्योरेन्स रु दुई करोड ४३ लाख ६७ हजार सात सय ८९, हिमालयन पावर पार्टनर रु दुई करोड १८ लाख ९९ हजार पाँच सय १३ , रिडी पावर कम्पनी रु दुई करोड सात लाख तीन हजार आठ सय ७२ र नेपाल दूरसञ्चार कम्पनी रु एक करोड ९२ लाख ७४ हजार सात सय ३५ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार समिट लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतको वृद्धि भई सकारात्मक सर्किट लाग्यो । अभियान लघुवित्त नौ दशमलब ९८, रुरु जलविद्युत् परियोजना सात दशमलब ८४ र श्वेत गङ्गा हाइड्रोपावरका लगानीकर्ताले चार दशमलब शून्य चार प्रतिशतले कमाएका छन् ।

यस्तै, विन्दवासिनी हाइड्रोपावर सात दशमलब १८, सिङगटी हाइड्रोपावर चार दशमलब २६, नेरुडे लघुवित्त तीन दशमलब ८३, सर्पोट माइक्रोफाइनान्स तीन दशमलब ७८ र एभरेष्ट बैंकका लगानीकर्ताले तीन दशमलब ७८ प्रतिशतले गुमाएका छन् ।रासस

# पाङ्राङमा सुन्तला उत्पादन बढ्ने

पर्वत । व्यावसायिक सुन्तलाखेतीका लागि प्रख्यात बन्दै गएको पर्वतको पाङ्राङका कृषकले यस वर्ष सुन्तला उत्पादन बढ्ने बताएका छन् ।

यस वर्ष कम वर्षा भएको तथा रोग, किरा र असिनाको प्रकोपसमेत नभएकाले सुन्तला उत्पादन बढ्ने अपेक्षा गरिएको श्रीनगर सुन्तला उत्पादक सहकारीका अध्यक्ष तारालाल कुवँरले बताउनुभयो । गत वर्ष सहकारीमार्फत ८० लाखका सुन्तला बेचेका यहाँका कृषकले यस वर्ष कम्तीमा डेढ करोड भित्र्याउन सफल हुने उहाँको भनाइ छ ।

"मौसमी अनुकूलताले उत्पादन दोब्बर हुने अपेक्षा छ", अध्यक्ष कुवँरले भन्नुभयो, "कतिपय कृषकले पाँच लाखभन्दा बढीका सुन्तला बेच्नु हुनेछ । अर्का कृषक तोयराज कुँवर भन्नुहुन्छ, "यो वर्ष राम्रो फल दिएको छ, अब असोजको झरीले असर नगरेमा उत्पादन राम्रो लिनसक्ने आशमा छु", उहाँले भन्नुभयो ।

परम्परागत तरिकाले मकै र कोदो लगाउने बारीमा सुन्तलाखेती सुरु गरेपछि यहाँका दुई सयभन्दा बढी परिवार खुसी छन् । उपल्लो श्रीकाङ, सात्ले, सुलिकोट मात्रै होइन छिमेकी कुर्घाको ठूलास्वाँरा, नुवाखर्कलगायतका क्षेत्रलाई समेटेर सुन्तला उत्पादनको पकेट ब्लक क्षेत्रका रुपमा विकास गर्न थालिएको छ । हरेक वर्ष खेती बिस्तारको काम भइरहेको छ । सुन्तलाबाट वार्षिक लाखौँ रुपैयाँ आम्दानी गर्न थालेपछि उनीहरुको जीवनस्तरमा समेत परिवर्तन आउन थालेको छ । गाउँमा उत्पादित सुन्तलालाई श्रीनगर सुन्तला उत्पादक सहकारीमार्फत बेचबिखन गर्न थालेपछि देशका मुख्य मुख्य सहरमा समेत बजार पाउन थालेको छ । उत्पादित सुन्तला पोखरा, काठमाडौँ, बुटवल, विराटनगरलगायतका व्यापरीले गाउँमै आएर खरिद गर्न थालेको अध्यक्ष कुँवरले बताउनुभयो ।

फलेबास क्षेत्रमा कोल्डस्टोर बनाउने र पर्वतका सबै गाउँको उत्पादन राखेर बेमौसममा बिक्री गर्नसकेमा कृषकलाई धेरै राहत पुग्ने अध्यक्ष कुँवरको भनाइ छ । सुन्तला फल्ने गाउँ सम्म नै पक्की सडक हुनसके ढुवानीका लागि अझै सहज हुने उहाँको भनाइ छ ।

कृषि ज्ञानकेन्द्र पर्वतका वरिष्ठ कृषि विकास अधिकृत मनिता थापाले गत वर्षभन्दा राम्रो फल लागेकाले यस वर्ष उत्पादनमा केही वृद्धि हुने जानकारी दिनुभयो ।रासस

# मौसममा सुधार नआउँदा कृषक चिन्तित



कावासोती । मौसममा सुधार नआउँदा पूर्वी नवलपरासीका कृषक चिन्तित भएका छन् । गत बुधबारदेखि अविरलरुपमा भएको वर्षा शुक्रबारदेखि रोकिँदा राहत महसुस गरेका कृषकमा आइतबार रातिदेखि वर्षा हुन लागेपछि चिन्ता थपिएको छ ।

जिल्लाको अधिकांश किसानका खेतमा धान पाकेर काट्ने अवस्थामा पुगेको भए पनि मौसममा सुधार नआउँदा समयमै धान भित्र्याउन नपाइने पीरले कृषकलाई सताएको छ । एक बिघा खेतमा धान काट्ने बेला भए पनि मौसममा सुधार आउन नसकेपछि धान काट्न नसकिएको कावासोती- १३ का कृषक चेतनारायण चौधरी बताउनुहुन्छ ।

जिल्लाको देवचुली, गैँडाकोट, कावासोतीलगायतका स्थानमा लगातार वर्षाका कारण पाकेको धानका बोट खेतमै ढलेको छ । खेतमा ढलेका धानका बाला बोटमै उम्रने चिन्ताले सताएको देवचुली- १५ का कृषक वसन्त पोखेल बताउनुहुन्छ । धान पाक्ने बेलामा परेको बेमौसमी वर्षा र त्यसपछिको बाढीले जिल्लाको विनयी त्रिवेणी गाउँपालिकाको बगुवन र सिसेनीमा करिब दुई सय ५० बिघा पाक्न लागेको धान डुबाएको कृषि ज्ञानकेन्द्र पूर्वी नवलपरासीका प्रमुख गोपाल शर्मा लामिछानेले बताउनुभयो । उहाँ भन्नुहुन्छ, "कृषकको चिन्ता स्वाभाविक हो, अहिलै त बिग्रेको छैन तर मौसममा छिट्टै सुधार नआए समस्या हुन सक्छ", लामिछानेले बताउनुभयो ।

यस वर्ष जिल्लामा १८ हजारभन्दा धेरै क्षेत्रमा धानखेती गरिएको भए पनि बेमौसमी वर्षाका कारण धान उत्पादनमा कमी आउनसक्ने प्रमुख लामिछानेले बताउनुभयो ।रासस

# वर्षाले धानबाली नष्ट गरेपछि किसान मर्कामा



ढोरपाटन । बागलुङको निसीखोलामा लगातारको वर्षाले पसाउन लागेको धानबालीमा ठूलो क्षति पुगेको छ । गत असोज १८ गतेदेखि लगातार परेको वर्षाले धान खेतीसँगै भित्र्याउने बेला भएको सिमी, बोडी र भट्टमासमासमेत क्षति पुऱ्याएको हो ।

गाउँपालिका-२ काखगेन्द्रबहादुर सुनारले भन्नुभयो,"लगातारको वर्षाले पसाउन थालेको धानबाली सबै सोत्तर परेर ढलेको छ, अब नपाक्दै त्यसलाई न टिप्नु, न त्यत्तिकै छोड्नु, हामीलाई वर्षभरी के खाने भन्ने चिन्ता बढेको छ, खेतभरी धानढलेको देख्दा मन भतभति पोल्छ, सिमी, बोडी र भट्टमास त्यसै कुहिएको छ ।"

धानको बीउसमेत नरहने गरी पानीले सोत्तर बनाइदिएको उहाँको भनाइ छ । सुनारले आफूले करिब १७ मुरी फल्ने खेतमा धान लगाएको भन्दै पानीका कारण १४ मुरी धान नष्ट भएको बताउनुभयो । उहाँ भन्नुहुन्छ, "यसपाली धान निकै सप्रिएको थियो, अघिल्लो वर्षमा १७ मुरी धान भित्राउने गर्थे, यसपाली बढेर २० मुरी हुने अनुमान थियो ।"

अर्का स्थानीयवासी मीनबहादुर खत्रीले यसपाली बेमौसमी वर्षाले निकै ठूलो समस्यामा पारेको बताउनुभयो । उहाँले वर्षाका कारण १० मुरी धान नोक्सान भएको बताउनुहुन्छ । " बर्खाभरी दुःख गरेर धान लगाइयो, फल्ने बेला सबै ढल्यो" उहाँले भन्नुभयो "गाउँका धेरै किसानको धान ढलेको छ, यो वर्षा भोकमरी लाग्न सक्छ ।"

गाउँपालिकाको सबैभन्दा बढी धान फल्ने क्षेत्र वडा नं १ को बायखोला, २ को काल्नेचौर, वडा नं ३ को बोहरा गाउँ, फाँट र वडा नं ४ को रुपौटेफाँट, स्वाराँफाँट हुन् । यी फाँटका अधिकांश खेतमा धान ढलेका छन् । २० वर्षपछि यस क्षेत्रमा अहिले यति धेरै धानबालीमा क्षति पुगेको स्थानीयवासी कृष्णघर्ती मगरले बताउनुभयो । उहाँले आफ्नो करिब ६० प्रतिशत धानबाली नष्ट भएको बताउनुभयो । उहाँ भन्नुहुन्छ,"हरेक वर्ष धान उत्पादन राम्रो हुँदै गएको थियो, यसवर्ष पनि धान निकै राम्रो भएको थियो, के गर्नु पसाउने बेला वर्षाले सबै नोक्सान गरिदियो, धान ढलेपछि हाम्रो जीउमा घामनै लागेको छैन ।"

कृषि ज्ञानकेन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले प्रारम्भिक प्रतिवेदन अनुसार बागलुङमा यसवर्ष पाँचप्रतिशत धानबाली नोक्सानी भएको बताउनुभयो । उहाँका अनुसार जिल्लामा छ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको छ । अझै वर्षा भयो बने ६० प्रतिशत धान नोक्सान हुनसक्ने उहाँको भनाइ छ ।

नोक्सानी व्यहोरेका किसानले विवरण कृषिज्ञान केन्द्रमा पठाएपछि राहतको लागि आफूहरुले मन्त्रालयमा सिफारिस गर्ने बताउनुभयो । किसानले क्षतिको विवरण पठाउँदा अघिल्लो वर्ष राहत पाउन नसकेको उहाँले बताउनुभयो । "यसवर्ष लामो वर्षा भयो, वर्षाका कारण धानबालीमा असर पुगेको छ, अहिलेसम्म हाम्रो प्रारम्भिक रिपोर्टका आधारमा हेर्दा पाँच प्रतिशत धानबाली नोक्सानी भएको अनुमान गरेका छौँ", प्रमुख भट्टराईले भन्नुभयो "गतवर्ष जिल्लाभरी रु एक करोड सत्र लाख बराबरको क्षति भएको थयो, राहतका लागि मन्त्रालयमा क्षति विवरण पठायौँ तर किसानले अहिलेसम्म राहत पाउनु भएन ।रासस


## जिल्ला प्रशासन कार्यालय, धनुषाको

### सूचना

उप्रान्त जिल्ला धनुषा जनकपुरधाम उपमहानगरपालिका वडा नं. १० बस्ने शिव नारायण भगतको नाति विजय कुमार भगतको छोरा बालकिशन भगतले अंगीकृत नागरिकता प्रमाण पत्र पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा बालकिशन भगतको पिता विजय कुमार भगत हो, होइन ? निजलाई अंगीकृत नागरिकता प्रमाण पत्र दिएमा फरक पर्ने छ, छैन ? सो सम्बन्धी निज विरुद्ध कुनै प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा पेश गर्नु हुन सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

# धनुषाको तीन क्षेत्रमा महिला उम्मेदवार शून्य

**टुडे समाचारदाता**

जनकपुरधाम । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको लागि धनुषा जिल्लाको चार निर्वाचन क्षेत्र मध्ये तीन क्षेत्रमा महिला उम्मेदवार शून्य देखिएको छ । निर्वाचन कार्यालय धनुषाले मंगलबार सार्वजनिक गरेको उम्मेदवारको नामावली अनुसार धनुषाको निर्वाचन क्षेत्र नम्वर १, २ र ४ मा प्रत्यक्ष तर्फ महिला उम्मेदवार नै छैन् ।

सार्वजनिक गरिएको उम्मेदवारहरुको नामावली अनुसार धनुषाको तीन वटा निर्वाचन क्षेत्रमा प्रतिनिभिसभाको लागि महिलाको उम्मेदवारी परेको छैन् । चार निर्वाचन क्षेत्र रहेको धनुषामा प्रतिनिधिसभाको लागि कुल एक सय तीन जनाले उम्मेदवारी दिएका छन् । जसमध्ये मात्र ६ जना महिला उम्मेदवार रहेको निर्वाचन अधिकृत ब्रजेश पोखरेलले जानकारी दिए ।

उनका अनुसार धनुषा निर्वाचन क्षेत्र ३ बाट महिलाहरुको उम्मेदवारी परेको छ । तीन जना दलबाट र तीन जनाले स्वतन्त्र रुपमा उम्मेदवारी दिएकी छन् । प्रदेशसभातर्फ भने धनुषामा कुल एक सय ३८ जनाको उम्मेदवारी पर्दा दश जना महिलाले मात्र उम्मेदवारी दिएकी छन् । प्रदेशसभातर्फ पाँच वटा निर्वाचन क्षेत्रमा महिलाको उम्मेदवारी परेको छैन् ।

निर्वाचन क्षेत्र ३ को 'क'मा प्रदेशसभाको लागि पाँच जना, निर्वाचन क्षेत्र ४ को 'क' मा तीन जना र ४ को 'ख' मा दुई महिलाले उम्मेदवारी दिएकी छन् । बाँकी क्षेत्रमा महिला उम्मेदवार शून्य छन् । उम्मेदवारी दिएको महिलाहरु पनि अधिकांश स्वतन्त्र रुपमा दिएकी छन् भने कतिपय साना दलबाट उम्मेदवारी दिएकी छन् ।

प्रमुख राजनीतिक दलहरूले प्रत्यक्ष निर्वाचनतर्फ महिलालाई टिकट दिन कन्जुस्याइ गरेका छन् । संविधानले प्रतिनिधिसभा र प्रदेशसभामा कम्तीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्ने अनिवार्य व्यवस्था गरेको छ । तर, मधेश प्रदेशमा सो संख्यामा महिलाको उम्मेदवारी परेको छैन् । प्रत्यक्ष निर्वाचनमा महिला सहभागिताबारे बाध्यकारी कानून नहुँदा दलहरूले महिलालाई टिकट दिन कन्जुस्याइ गर्ने गरेको देखिएको छ । राजनीतिक दल गठबन्धन गरी निर्वाचनमा होमिदा पनि कतिपय ठाउँमा महिलाले अवसर पाएकी छैनन् ।

धनुषामा प्रतिनिधिसभा र प्रदेशसभा गरी कुल १६ जना महिला निर्वाचनमा होमिए पनि अधिकांशको अवस्था कमजोर रहेको आकलन गरिएको छ । एमाले नेतृ जुली महतो बाहेकका महिला उम्मेदवारलाई जित्न निकै कठिनाइ हुने राजनीतिक विश्लेषकहरुको भनाइ छ ।

# कोरोना संक्रमणको संख्या शून्यमा झऱ्यो




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका जिल्लाहरुमा कोरोना संक्रमणको संखया शून्यमा झरेको छ ।

मधेश प्रदेशको कुनै पनि जिल्लामा एक जना कोरोनाका सक्रिय संक्रमित नरहेको मधेश प्रदेशका स्वास्थ्य निर्देशनालयले जानकारी दिएका छन् ।

मधेश प्रदेशमा भएका कोरोना अस्पताल, संस्थागत आइसोलेसन तथा होम आइसोलेसनमा एक जना पनि कोरोनाका संक्रमित नरहेको प्रदेशका स्वास्थ्य निर्देशक विजयकुमार झाले जानकारी दिए ।

प्रदेशका जिल्लाहरू कुनै बेला कोरोनाका दृष्टिकोणले हर्ट स्पर्ट बनेको बेलामा अहिले संक्रमण शून्यमा झरेको छ ।प्रदेशका जिल्लाहरूमा कोरोना परीक्षणका लागि प्रयोगशाला स्थापना गरे पनि स्वाबको परीक्षण गर्दा पनि नयाँ संक्रमित फेला नपरेको प्रादेशिक प्रयोगशाला जनकपुरधामले जनाइएको छ ।

संक्रमणदर शून्यमा झरेपछि सर्वसाधारण निर्धक्क भएका देखिन्छन् । अहिले कोरोनाबाट जोगिनका लागि सर्वसाधारणहरूले मास्क तथा सेनिटाइजरको प्रयोग गर्न छाडेका छन् ।

यसैगरी, हाटबजारदेखि विभिन्न अवसरमा लाग्ने मेलामा भीड बढेको छ । संक्रमण नै नभएका कारणले सर्वसाधारणमा आत्मबलको विकास भएको छ । नेपाल भारतको चार ठाउँमा एन्टिजेनको परीक्षण गर्दा कोरोनाका संक्रमित फेला परेका छैनन् ।

# उम्मेदवारी फिर्ता नलिने 'मूड'मा बागी

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्ता गठबन्धनका शीर्ष नेताहरु संयुक्त रुपमा विज्ञप्ति जारी गरी बागी उम्मेदवारलाई फिर्ता लिन निर्देशन दिएको छ ।



बुधबार दिउसो १ बजे सम्म उम्मेदवारी फिर्ता लिइसक्नु पर्ने विज्ञप्तिमा उल्लेख गरिएको छ । तर मधेश प्रदेशका अधिकांश बागी उम्मेदवारहरु उम्मेदवारी फिर्ता नलिने मनस्थितिमा देखिएका छन् ।

धनुषा निर्वाचन क्षेत्र ३ मा राजनीतिक दलहरु दुई वटा गठबन्धन बनाएर निर्वाचनमा होमिएका छन् । तर निर्वाचन क्षेत्र ३ को 'ख' मा पाँच दलीय गठबन्धनबाट नेपाली कांग्रेसका हरिशंकर साहले बागी उम्मेदवारी दिएका छन् । उनले पार्टीको कारवाही भोग्ने तर उम्मेदवारी फिर्ता नलिने अडान लिएका छन् ।

यहाँ पाँच दलीय गठबन्धनमा प्रतिनिधिसभाको सिट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को भागमा परेको छ भने प्रदेशसभातर्फ 'क' कांग्रेस र 'ख' लोसपाको भागमा परेको छ । प्रतिनिधिसभामा लोसपाले अनिल झालाई उम्मेदवार बनाएको छ ।

प्रदेशसभा 'क' बाट कांग्रेसले रामसरोज यादव र ' ख' मा लोसपाले परमेश्वर साहलाई उम्मेदवार बनाएको छ । लोसपाको भागमा परेको ठाउँमा कांग्रेसका हरिशंकर साहले बागी उम्मेदवारी दिएका छन् ।

यस्तै,महोत्तरी निर्वाचन क्षेत्र २ को 'ख'मा लोसपाकी सुरिता साहले पनि बागी भएर स्वतन्त्र उम्मेदवारी दिएकी छन् । उनले पनि फिर्ता नलिने बताएकी छन् । पार्टीले आफूसँग अन्याय गरेको उनको भनाइ छ । उनी ०७४ मा तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा)बाट निर्वाचित भएकी थिइन् । यहाँ प्रतिनिधिसभामा पाँच दलीय गठबन्धनबाट लोसपाका नेता शरत सिंह भण्डारी उम्मेदवार छन् । प्रदेशसभाको 'क' मा विवाद देखिएको छ । यहाँ लोसपाका जयनुल राइन र नेकपा (एकीकृत समाजवादी)की मञ्जु यादवले उम्मेदवारी दिएकी छन् ।

यी बागीहरु प्रतिनिधिमुलक हुन् । मधेश प्रदेशको अन्य जिल्लामा पनि बागी उम्मेदवारी परेको छ । तर उनीहरु फिर्ता नलिने अडानमा छन् ।

# गौ हत्यामा संलग्नलाई कारवाहीको माग

**टुडे समाचारदाता**

राजविराज । गौ हत्यामा संलग्नमाथि कारवाहीको माग गर्दै राजविराजमा प्रदर्शन गरिएको छ ।



हनुमान आराधना मण्डल, विश्व हिन्दु परिषद् र सनातन संस्कृत नेपाल सप्तरीको संयुक्त अगुवाइमा गाउँ गाउँबाट पुगेका साधुसन्तहरुले प्रदर्शन गरेका छन् ।

गौ हत्यामा संलग्न भइ रँगेहात पक्राउ परेकामाथि कडा कारवाही गर्नुपर्ने र फरार रहेकाहरुलाई अविलम्ब पक्राउ गर्नुपर्नेको माग गर्दै प्रदर्शनमा सहभागीहरुले नाराबाजीसहित नगर परिक्रमा गरेका थिए ।

गत भदौं २४ गते सप्तरीको महादेवा गाउँपालिका-४ बलिया टोलमा सकुर मियाँको घरमा गाई काटिएको थियो । गौ हत्या गरेको आरोपमा सोही दिन घरधनी मियाँ पक्राउ परेका थिए । तर सो कार्यमा संलग्न ४/५ जना अझै फरार रहेका छन् ।

फरार रहेकाहरुलाई अविलम्ब पक्राउ गर्न दबाबका लागि प्रदर्शनमा उत्रिएको सनातन संस्कृत नेपाल सप्तरीका महासचिव परमानन्द ठाकुरले बताए ।

उनीहरुले सप्तरी जिल्ला अदालत अगाडि पुगेरसमेत नाराबाजी गरेका थिए । गौ हत्यामा संलग्न रहेको आरोपमा पक्राउ परेका सकुर मियाँ उपर मंगलबार अदालतमा सुनुवाई चलिरहेकै बेला बाहिर उनीहरुले नाराबाजी र प्रदर्शन गरेका थिए ।

विश्व हिन्दु परिषद्का नगर प्रमुख प्रमोद चौधरीले घटनाको एक महिना वितिसक्दा पनि गौ हत्यामा संलग्न अन्य आरोपिहरु अझै पक्राउ नपरेको तथा पक्राउ परेका एक जना उपर पनि कारवाही हुने सम्भावना कमै देखिएकाले दबाब स्वरुप साधुसन्तसहित सडकमा उत्रेको बताए । उनले गौ हत्यामा संलग्नमाथि कारवाहीका लागि चरणवद्ध रुपमा आन्दोलन जारी रहने जनाए।

# दश दिनमा १५ लाख आम्दानी

**टुडे समाचारदाता**

राजविराज । दशैंको अवसरमा विभिन्न शक्तिपीठहरुमा श्रद्धालु भक्तजनले दान, दक्षिणा, सुन चाँदीका गरगहना र नगद चढाउने गरे पनि यसको हिसाब किताब दुरुस्त राख्ने र हरेक वर्ष सार्वजनिक गर्नेमा केही मात्र मन्दिर समिति पर्ने गरेका छन् ।



सप्तरीको प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता भगवती मन्दिर समितिले भने दशैं सकिएपछि प्रत्येक वर्ष दशैंका बेला श्रद्धालु भक्तजनबाट प्राप्त हुने आम्दानी र खर्च विवरण सार्वजनिक गर्ने गरेका छन् ।

यसै क्रममा मंगलबार छिन्नमस्ता मन्दिर समितिले पत्रकार सम्मेलनको आयोजना गरी यस पल्ट दशैंको अवधिमा भएको आम्दानी र खर्चको विवरण सार्वजनिक गरेको छ ।

छिन्नमस्ता भगवती मन्दिर विकास समितिका पिठाधीशसमेत रहेका कार्यवाहक अध्यक्ष महाकान्त ठाकुरका अनुसार यस पल्ट विभिन्न भक्तजनबाट १५ लाख २५ हजार ७ सय ८५ रुँपैया आम्दानी प्राप्त भएको छ ।

उनले दशैंको बेला १० दिनको अवधिमा ४ हजार ५ सय ४ पशुबली प्रदान भइ बलि शुल्कबाट ४ लाख ६८ हजार ९ सय ३६ रुँपैया आम्दानी भएको जानकारी दिए ।

यस्तै गाडी पूजनबाट ५१ हजार १ सय २८, मुन्डनबाट १३ हजार ६ सय, पार्किङ शुल्कबाट ३७ हजार ९९, दाताहरुबाट नगद सहयोग २५ हजार ३ सय ७६, धर्मशालाबाट ६ हजार ८ सय, फुटकर पसलबाट ८१ हजार ९ सय ५०, विवाह शुल्कबाट ६ हजार ४ सय, दान पेटिकाबाट ७२ हजार ८ सय ९६, शीघ्र दर्शन शुल्कबाट ७ लाख ५९ हजार ६ सय ८० र पिकनिकका लागि आएका धार्मिक पर्यटकबाट १ हजार ९ सय २० रुँपैया आम्दानी भएको जनाइएको छ ।

यस्तै, यस अवधिमा मन्दिरको रंगरोगन, सजावट, सरसफाइ, मर्मत सम्भार, अतिथि सत्कार, स्वयमसेवक खर्च, कर्मचारीको दशैं खर्च लगायतका शीर्षकमा ११ लाख ८८ हजार रुँपैया खर्च भइ ३ लाख ३७ हजार ७ सय ८५ रुँपैया बचत भएको र सो रकम बैंकमा रहेको मन्दिर समितिको खातामा जम्मा गरिसकिएको मन्दिर समितिका सदस्य राजकुमार ठाकुरले बताए ।

यस अवधिमा विभिन्न भक्तजनले एक तोला एक आना सुन र ४३ तोला चाँदीका गरगहनासमेत चढाएको पीठाधीश ठाकुरले जनाए । छिन्नमस्ता भगवतीको पुरानो चाँदीको मुकुट परिवर्तन गरिएको सन्दर्भमा राखिएको जिज्ञासाको जवाफमा पीठाधीश ठाकुरले मुकुट पुरानो र ठाउँ ठाउँमा भत्किएकोले त्यसलाई सुरक्षित राखी सोही डिजाइनको अर्को नयाँ मुकुट राखिएको बताए । सवा दुई किलो चाँदीको नयाँ मुकुट काठमाण्डु का सुशील दाहालले यस पल्ट दशैंको बेला उपलब्ध गराएको र देवी माताको मुकुट सोही डिजाइनमा सुनको बनाउने योजना रहेको सुनाउँदै यस कार्यमा सबैको सहयोगको अपेक्षा राखिएको बताए ।

नेपाल तथा भारतका हिन्दु धर्मावलम्बी माँझ ख्याति प्राप्त यस मन्दिरमा विशेष गरी दशैंका बेला ठूलो संख्यामा भक्तजनहरु आउने गरेका छन् । जिल्लामा माँ कंकालिनी, राजदेवी र भगवती लगायतका शक्तिपीठहरु छन् ।

# "टेष्ट ड्राइभ क्याम्पेनको विजेता घोषणा"

**टुडे समाचारदाता**

काठमाण्डु । हुण्डाइ गाडीहरुको नेपालका लागि आधिकारिक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा.लिले विश्व कप २०२२ लक्षित"गोल अफ द सेन्चुरी" अभियान अन्तर्गतको टेष्ट ड्राइभ क्याम्पेन टेष्ट ड्राइभ Watch Live FIFA World Cup 2022 को विजेता घोषणा गरेको छ ।




यस क्याम्पेनका विजेताले फिफा विश्वकप २०२२ को प्रत्यक्ष खेल कतार गएर हेर्न पाउनेछन् । ११ अक्टोबर २०२२ मा गरिएको लक्की ड्र मार्फत २ जना विजेताहरुको छनौट गरिएको छ र ती भाग्यशाली विजेताहरुमा शेर बहादुर जि.सी. र हस्त माया गुरुङ्ग रहेका छन् ।

दुई विजेताहरुले आफ्नो रोजाइको एक-एक व्यक्ति साथमा लिइ कतारमा प्रत्यक्ष विश्वकप २०२२ हेर्न जान पाउने भएका छन्, जसको सम्पूर्ण खर्चहरु हुण्डाइ नेपालले व्यहोर्ने छ ।

यस योजनामा सहभागी जनाउन १९ जुलाईदेखि ३० सेप्टेम्बरसम्म नेपालभरि रहेका हुण्डाइको १७ वटा सोरुमहरुबाट कुनै पनि हुण्डाई गाडीको टेष्ट ड्राइभ गरी आफूलाई रजिष्टर गर्नुपर्ने थियो ।

यस क्याम्पेनले पर्यावरण दिगोपनका लागि हुण्डाईको प्रयासप्रति सबैको ध्यानाकर्षण गराइएको थियो र क्याम्पेनले नेपाली अटोमोबाइल बजारमा अत्याधिक चर्चा बटुल्न पनि सफल रहेको छ । आफ्ना ग्राहकहरुलाई सदैव आकर्षक योजना तथा उत्कृष्ट उत्पादनको माध्यमबाट हुण्डाई सबैको रोजाईको ब्राण्ड बन्न सफल भएको छ ।

फुटबलको विश्वव्यापी आकर्षणका कारण फुटबल मार्फत पर्यावरणमैत्री व्यवहार अवलम्बन गर्न प्रोत्साहन गरी खेलका पारखीहरुलाई जोड्ने लक्ष्यसहितको यस क्याम्पेन आफ्नो लक्ष्यमा सफल भएको कम्पनीले जनाएको छ ।

लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा.लिले नेपालभरि रहेका १७ डिलर तथा १९ सर्भिस सेन्टरद्वारा आफ्ना ग्राहकहरुलाई गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ ।

# निर्वाचन परिचालन कमिटी गठन

**टुडे समाचारदाता**

कलैया । बारा क्षेत्र नं.३ को डुमरबानामा सत्ता गठबन्धनका उम्मेदवार जिताउन निर्वाचन परिचालन कमिटी गठन गरिएको छ ।



क्षेत्र नं.३ का प्रतिनिधि सभा उम्मेदवार लोसपाका लालबाबु सिँह र क्षेत्र नं.३(क) का उम्मेदवार माओवादी केन्द्रका मुकेश साहको विशेष उपस्थितिमा सो परिचालन समिति गठन गरिएको हो ।

माओवादी केन्द्रका जीतपुर सिमरा नगर उपाध्यक्ष राजेन्द्र प्रसाद भट्ट्राईको अध्यक्षतामा बसेको भेलाले काग्रेसका वडा सभापति ओमराज पाण्डेको संयोजकत्वमा २१ सदस्यीय वडा परिचालन कमिटी र माओवादी केन्द्रका नगर कमिटी सदस्य हरि कृष्ण के.सि.को संयोजकत्वमा २१ सदस्यीय युवा परिचालन कमिटी गठन गरिएको माओवादी केन्द्रका राम प्रसाद लामिछानेले जानकारी दिए।

भेलामा माओवादी केन्द्रका गीता कर्डैंल,भरत भण्डारी ,रामानन्द यादब लगायतको उपस्थिति रहेको थियो ।

# सर्लाहीका दम्पतीको लेक लागेर मृत्यु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको लालबन्दी नगरपालिका-१२ पत्थरकोटका एक दम्पतीको लमजुङको मेमेपोखरीबाट फर्किने क्रममा लेक लागेर मृत्यु भएको छ ।

लालबन्दी नगरपालिका-१२ पत्थरकोटस्थित स्याङ्बो डाँडाका २७ वर्षीय बुद्धिमान योञ्जन र उनका श्रीमती २६ वर्षीया शर्मिला तामाङको मेमेपोखरी घुमेर फर्किने क्रममा लेक लागेर यही असोज १९ गते दसैंको टीकाको राति मृत्यु भएको थियो ।

योञ्जन दम्पतीको शव सोमबार सर्लाही ल्याइएको छ । दोर्दी र मस्याङ्दी गाउँपालिकाको सीमा क्षेत्रमा करिब तीन हजार नौ सय मिटर उचाइको स्याङ्बोमा लेक लागेर उनीहरुको ज्यान गएको जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी नायब उपरीक्षक प्रकाश श्रीमलले जानकारी दिए ।

योञ्जन दम्पतीसँगै गएका बेंसीसहर नगरपालिका-१० साँधुका १८ वर्षीय करण तामाङको मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको छ ।

करिब चार हजार मिटर आसपास जुम्रोडाँडा क्षेत्रमा ढलेका योञ्जन भोलिपल्ट बिहीबार मृत भेटिएका थिए। उनका श्रीमती भने हराइरहेकी थिइन् । उनको शव शनिबार फेला परेको थियो । लमजुङको दोर्दी र दूधपोखरी गाउँपालिकाको सिरानमा पर्ने मेमेपोखरी पुग्न लमजुङ सदरमुकाम बेंसीसहरबाट कम्तीमा तीन दिन लाग्छ ।

ऋद्धि सिद्धि वचत तथा ऋण सहकारी संस्था लि. ढल्केवर
मि.न.पा.-६, ढल्केवर
सूचना ! सूचना !! सूचना !!!
ऋद्धि सिद्धि वचत तथा ऋण सहकारी संस्था लि.ढल्केवरको पन्द्रहौं वार्षिक साधारण सभा यहि मिति २०७९/०६/30 गते आइतबारका दिन दिउँसो १.00 वजे ऋद्धि सिद्धि वचत तथा ऋण सहकारी संस्था लि. ढल्केवरको प्राङ्गणमा हुने भएकोले सो साधारण सभामा सम्पूर्ण वचतकर्ता, ऋणी तथा शेयर सदस्यज्यूहरुलाईउपस्थितभई दिनहुन अनुरोध गर्दछु ।
अध्यक्ष
मो.नं.९८५४०२६७२९
(ऋद्धि सिद्धि वचत तथा ऋण सहकारी संस्था लि.)
मि.न.पा.-६, ढल्केवर

श्री धर्म संस्था ब्याहुत कलवार चौरासी
ब्याहुत सेवा समिति (कलवार कुट्टी) को
हार्दिक आमन्त्रण
श्री धर्म संस्था ब्याहुत कलवार चौरासी ब्याहुत सेवा समिति (कलवार कुट्टी) को नव निर्वाचित पदाधिकारीहरुको सपथ ग्रहण तथा पद हस्तान्तरण कार्यक्रम मित्र राष्ट्र भारत बिहार सरकारका पूर्व उपमुख्यमन्त्री मान्नीय तार किशोर साह ज्यूको प्रमुख आतिथ्यमा सुसम्पन्न हुने भएको छ । उक्त कार्यक्रममा सदस्य ज्यूहरु, पदाधिकारी ज्यूहरु, पूर्व अध्यक्ष ज्यूहरु लगायत सम्पूर्ण स्वजाती महानुभावलाई यसैलाई सूचनाको आधार मानी उपस्थितिका लागि हार्दिक आमन्त्रणा गर्दछौं ।
कार्यक्रम
मिति : २०७९ असोज २८ गते शुक्रवार
समय : बिहान : १0:00 बजे
स्थान : ब्याहुत सेवा समिति (कलवार कुट्टी)
जनकपुरधाम-४, धनुषा (नेपाल)

श्याम प्रसाद साह
नव निर्वाचित अध्यक्ष
शम्भु प्रसाद साह
अध्यक्ष

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८